www.newsok.com.np @newsok_bhw

सम्बृद्ध नेपाल, तपाईंको समाचार, तपाईं

# न्यूज ओके

NEWS OK NATIONAL WEEKLY




वर्ष-१, अंक-१२ | सिद्धार्थनगर, भैरहवा | २०७३ असोज २० गते बिहीबार (6 Oct, 2016 Thursday) | पृष्ठ-८ | मूल्य : नि:शुल्क


साझा बस अब लुम्बिनीमा पनि
विविध समाचार २


दशैंमा पाइन्ट सर्ट सिलाउने घटे
अर्थान्तर ३


मर्जरपछि राष्ट्रिस्तरको फाइनान्स बन्छ
बैंक वित्त/सहकारी/बजार ६


Dashain Festival and Health
English Page ७

# दशैं नेपालीको, व्यापार भारतीयको

**मनोरञ्जन शर्मा**
भैरहवा ।

दशैं आउनु पूर्व नै नेपालको सबै सिमावर्ति भारतिय बजारहरूमा नेपाली उपभोक्ताहरूको घुइँचो लाग्ने गरेको छ । विशेष गरी सिमा क्षेत्रमा रहेका नेपालका ठुला शहरहरूसँग जोडिएका सुनौली, रक्सौल, जोगगबनी, रूपौडिया, पानी टंकी लगायतका भारतीय बजारहरूमा अहिले दिनहुँ हजारौं नेपाली उपभोक्ताहरू दशैंका लागि भन्दै जाने गररेका छन् । चिनी र केही लत्ताकपडा बाहेक अन्य सामानहरू भारतीय प्रिन्ट रेटमै नेपालमा पाइने भए पनि दिनहुँ खरिदारीका लागि भारत जानेहरूको घुइँचो बढेको हो ।

दशैं तिहार जस्ता पर्वमा मात्र सामान्य खरिदारीमा अर्बौ रूपैयाँ भारतिने गरेको पाइएको छ । अहिले भैरहवा, बिरगन्ज,बिराटनगर, नेपालगन्ज जस्ता ठुला शहरसँग



जोडिएका भारतीय सिमावर्ति शहरहरूमा दैनिक २० करोड भन्दा बढीको फुटकर व्यापार हुने गरेको अनुमान छ ।

यसैले पनि दशैं पर्व नेपालीको भए पनि व्यापारमा भने भारतीयहरूको लागि वास्तविक रूपमा दशैं आउने गरेको छ । सिमावर्ती भारतीय बजार मा नेपाली उपभोक्ताको घुंइचो लागिरहँदा नेपालका बजारहरूमा भने खासै चहल पहल देखिदैंन । नेपाली उपभोक्ताहरू सिमावर्ति बजारमा दैनिक उपभोग्य सामान, चिनी, लत्ताकपडा ,तेल, बनस्पती घिउ लगायतका सामग्री खरीद गर्न अत्यधिक रूपमा पुग्ने गरेका छन् ।

चाडपर्वका बेलामा मात्रै अर्बो रूपैयाँको खुद्रा व्यापार नेपालीले भारतमा गर्ने भए पनि त्यसबाट नेपाल सरकारले भने कुनै लाभ लिन सकेको छैन् । भन्सार कार्यालयले १ हजार रूपैयाँ भन्दा बढीको सामान खरीद गरी ल्याएमा संक्षिप्त प्रज्ञापन लगाउने निर्णय छ तर राम्रो सँग कार्यान्वयन नहुँदा राज्यले फाइदा लिन सकेको छैन भने कर नतिरी आयात गरिने सामानहरू सस्तोमा पाइयो भन्दै  सामान लिएर आउनेहरू  बढेका बढ्यै भएको सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष राम कुमार शर्माले बताए । हाम्रा उपभोक्ता जागरूक नहुँदा र वारी र पारी पाइने सामानको मुल्य गुणस्तरको तुलना गर्न नसक्दा खरिदारीका लागि धेरै भारतिने गरेका छन् । यसमा राज्यको नीति पनि कमजोर देखिन्छ, अध्यक्ष शर्माले भने ।

सिमावर्ति सुनौली बजारका ओम किराना स्टोर्शका प्रोपोराईटर भन्छन्, अहिले दशैंका लागि पखरिद गर्न आउने नेपालीहरूको चाप अत्यधिक बढी छ । अझ बिदाको दिनमा झन भिड हुन्छ । नेपालमा भन्दा सामान सस्तो पाइने भन्दै गएको तर धेरै भिडभाडले गर्दा भने जस्तो सामान खरीदका लागि छनौट गर्नै नपाएको नेपाली गृहिणी  अर्चना मल्लले बताइन् ।

महिलाहरू सारी, कुर्ता लगायतका सामान खरीदका लागि अधिक आउने गरेको श्याम बस्त्रालयका श्यामले उल्लेख गरे ।

सुनौली बजारमा खरिदारी गर्न रूपन्देहीको भैरहवा, बुटवल र अन्य ग्रामिण क्षेत्रका उपभोक्ता मात्र नभई छिमेकी जिल्ला पाल्पा, गुल्मी अर्घाखाँचीका उपभोक्ता समेत आउने गरेका छन् ।

नेपालीहरूका लागि सुनौली बजारमा सबैभन्दा सस्तो खाद्य पदार्थ चिनी रहेको छ । सुनौलीमा प्रति

(बाँकी २ पेजमा)




यस वर्षको विजया दशमीको शुभ साइत असोज २५ गते बिहान ८:४५ बजे रहेको नेपाल पंचांग समितिले जनाएको छ ।

**सातामरीको सुनचाँदीको मूल्य**

रुपन्देही

| बार/गते | सुन | चाँदी |
|---|---|---|
| बिही, असोज १३ गते | ५८,८०० ।- | ९०५ ।- |
| शुक्र, असोज १४ गते | ५८,८०० ।- | ८९५ ।- |
| शनि, असोज १५ गते | ५८,६०० ।- | ८९५ ।- |
| आइत, असोज १६ गते | ५८,६०० ।- | ८९५ ।- |
| सोम, असोज १७ गते | ५८,४०० ।- | ८९० ।- |
| मंगल, असोज १८ गते | ५८,३०० ।- | ८९० ।- |
| बुध, असोज १९ गते | ५७,२०० ।- | ८६० ।- |

मूल्य/प्रति तोला (११.६६४ ग्राम=१ तोला)
सौजन्य: पर्वत ज्वेलर्स, बैंकरोड, भैरहवा
फोन: ०७१-५२१२३३









## संगठनद्वारा शुभकामना आदानप्रदान

*उद्योग व्यापार संगठन रुपन्देही र होटल तथा रेष्टुरेण्ट व्यवसायी संगठन रुपन्देहीको संयुक्त आयोजनामा विजया दशमी, शुभ दिपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । जिल्लाका विभिन्न सरकारी निकायका प्रमुखहरु तथा उद्योगी व्यवसायीहरुको सहभागितामा एक आपसमा शुभकामना आदानप्रदान गरी एक आपसमा भाइचारको सम्वन्ध कायम गराउने उदेश्यले कार्यक्रमको आयोजना गरिएको कार्यक्रम संयोजक होटल तथा रेण्टुरेण्ट व्यवसायी संगठन रुपन्देहीका अध्यक्ष रामचन्द्र रेग्मीले बताए ।*

न्यूज ओके

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# कृषि विकास कार्यालयको कार्यक्रमहरू सार्वजनिक

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

जिल्ला कृषि विकास कार्यालय रूपन्देहीले आर्थिक वर्ष ७३।७४ का कार्यक्रहरू सार्वजनिक गरेको छ ।

सोमबार भैरहवामा रहेको कार्यालयमा सार्वजनिकिकरण कार्यक्रम गर्दै जिल्लाका लागि बार्षिक बजेट ६ करोड ७६ लाख ५९ हजार जानकारी दिइयो । यो गत वर्ष भन्दा १० दशमलप ९२ प्रतिशतले बढी हो । बजेट अन्तरगत जिल्लामा कृषि प्रसार, सहकारी खेती साना सिंचाई तथा मल बीउ ढुवानी कार्यक्रम, विशेष कृषि उत्पादन कार्यक्रम, वाली विकास कार्यक्रम, राष्ट्रिय स्वयम् सेवकको संस्थागत विकास, एक गाउँ विकास समिति एक प्राविधिक कार्यक्रम हुने छन् । कार्यालयको कार्यक्रम बजेट ४ करोड ५७ लाख ६४ हजार रहेको छ । कार्यक्रम बजेटको तुलनामा अनुदानमा विनियोजित बजेट प्रतिशत ७० दशमलप ३४ प्रतिशत रहेको कार्यालयले जनाएको छ । जिल्लामा विशेष गरि धानबाली उत्पादन तथा उत्पादकत्व वृद्धि, ताजा तरकारि उत्पादन प्रवर्द्धन र मत्स्य विकासका लागि कार्यक्रमहरू गरिने छन् । कार्यक्रममा बोल्दै कार्यालयका प्रमुख भोजराज सापकोटाले यान्त्रिकरणलाई बढावा दिई उन्नत प्रविधि अपनाई उत्पादकत्व बृद्धिमार्फत खाद्यान्न, दलहन र औद्योगिक तथा नगदेबालीमा आत्मनिर्भर भई जिल्ला बाहिर निर्यातको सम्भावना रहेको बताउनुभयो । सिंचाई सुविधा उपलब्ध गराउन सकेको खण्डमा खाद्यान्न उत्पादन बृद्धि गरी थप २ लाख मे टन खाद्यान्न उत्पादन गर्ने सम्भावना रहेको उहाँले बताउनु भयो । सार्वजनिकिकरण कार्यक्रममा जिल्लाका विभिन्न कार्यालयका प्रमुखहरू, व्यवसाहीक किसान, राजनैतिक दल, पत्रकार लगायतको उपस्तिथी रहेको थियो । कार्यक्रमको सञ्चालन कृषि प्रसार अधिकृत नविन भण्डारीले गर्नुभएको थियो ।

# आजदेखि लुम्बिनी–काठमाण्डौ साझा यातायात चल्ने

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

बुद्ध जन्मस्थल लुम्बिनी र काठमाण्डौ बिच साझा यातायात सुरु हुने भएको छ । लामो दुरीको यातायात सुरु गरेकै दिन तराईका दुई स्थान लुम्बिनी र बिरगन्जका लागि बस सेवाको घोषणा गरेअनुसार सेवा सुरु साझा ब्यबस्थापनले गर्न लागेको हो ।

साझाले काठमाण्डौ बाहिर आईतबार देखि बाग्लुङ र गोरखामा बस सेवा सुरु गरेको अबसरमा तराईका दुई स्थानलाई आफ्नो नँया गन्तब्यका रुपमा चयन गर्दै घोषणा गरेको हो । साझाले दुबै रुटमा दुई दुई वटा बस सञ्चालनको अनुमति पाएको छ । बिहीबार बाट लुम्बिनी सम्मका लागी काठमाण्डौबाट बस छुटने छ । काठमाण्डौ बाट भैरहवा हुदै लुम्बिनी र पुनः सोहीबाटो हुदै बस छुटने साझा यातायातका निमित्त प्रमुख कार्यकारी अधिकृत महेन्द्रराज पाण्डेयले बताए ।

## विशेष सुरक्षा योजना सार्वजनिक

(न्यूज ओके रिपोर्टर) भैरहवा ।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीले दशैँ,तिहार,र छठ पर्वलाई मध्यनजर गरी विशेष सुरक्षा योजना लागु गरेको छ । प्रहरीको विशेष सुरक्षा अन्तर्गत जिल्लाका मुख्य-मुख्य चोकहरूमा २४ सैं घण्टा ४२ ओटा पिकेट टोली, मुख्य स्थानहरूमा २१ वटा चेकिङ टोली, विभिन्न स्थान र समयमा संचालन गर्नेगरी एउटा आरएससीसी चेकिङ, आकस्मिक ( भिगरस) चेकिङका १२ टोली, बैंक वित्तीय संस्था, सुनचाँदी पसल लगायत प्रतिष्ठित ठाउँहरूको सुरक्षाका लागि पैदल गस्ती तथा मोटरसाइकल र साइकल गस्तीका १९ टोली, गाडी मोबाइलका १७ टोली परिचालन गरिएको रूपन्देही प्रहरी प्रमुख एसपी बुद्धिराज गुरूङले बताए ।

त्यस्तै राजमार्ग क्रस पेटडोलिङका १२ टोली, विभिन्न मेलास्थलको सुरक्षाका लागि ८ टोली, रात्री सवारी सुरक्षाका लागि हतियारसहितका ५ टोली, होटल तथा लज चेकिङका लागि पाँच टोली, खबर संकलनका लागि सादा पोसाकका पाँच टोली खटाइने छ । त्यसैगरी सवारी नजाने स्थान तथा गल्ली एवं गाउँ टोलमा मोटरसाइकल तथा साइकल गस्तीका ५२ टोली परिचालन गरिने र जिल्लाको शान्ति सुरक्षालाई मजबुत गराउन यस बाहेक आवश्यकता अनुसार जनशक्ति थपगढ गरिने रुपन्देही प्रहरी प्रबक्ता एबं प्रहरी नायब उपरीक्षक बेल बहादुर पाण्डेले बताए ।

# संचारकर्मी पछाईलाई शिक्षा पुरस्कार

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

शिक्षा प्रेमी तथा मुनलाईट आवासीय उच्च माविका संस्थापक बिएन शर्माले स्थापना गरेको

भाष्करानन्द माया शर्मा अक्षयकोष अन्तरगत शिक्षा पत्रकारिता पुरस्कार संचारकर्मि दिपेश पछाईलाई प्रदान गरिएको छ ।

दश हजार रूपैयाँ रासी रहेको सो पुरस्कार एक कार्यक्रमका बिच अक्षयकोषका संस्थापक बिएन शर्मा र रूपन्देहीका प्रमुख जिल्ला अधिकारी बिष्णु प्रसाद ढकालले संयुक्त रूपमा प्रदान गरेका हुन् । भैरहवामा रही शिक्षा क्षेत्रमा कलम चलाएको भन्दै संचारकर्मि पछाईलाई सम्मानित गरीएको हो ।

## दशैं नेपालीको, व्यापार ...

के.जी. अहिले ६७ रूपैयाँमा पाइन्छ भने रूपन्देहीमा ७९ रूपैयाँमा साल्ट ट्रेडिंगले बिक्री गर्दै आएको कार्यालयका क्षेत्रिय प्रबन्धक हरिचन्द्र श्रेष्ठले बताए । भारतीय चिनी भन्दा हामीले बिक्री गर्ने चिनी राम्रो छ । कर तिरेर ल्याउने हो भने नेपालमै सस्तो पर्छ उनले भने ।

सिमावर्ति बजारमा चिनी र कपडाहरू केही सस्तो भए पनि अन्य सामानहरूको मुल्यमा नेपाल र भारतीय बजारमा खासै फरक नरहेको तर पनि नेपालीहरू त्यतै धाउने गरेको नेपाली व्यवसायी बताउँछन् ।

उपभोक्तामा चेतनाको अभाव छ, सचेत छैनन् सस्तो पाइने भन्दै अखाद्य, गुणस्तरहीन सामान किन्दा समेत उपभोक्ताहरूले थाहा पाउँदैनन्, गृहिणी तथा शान्ता जिसीले भनिन् । उपभोक्ताहरूले सस्तोको नाममा अखाद्य तथा ओरीजिनल भन्दै स्थानीय स्तरमै निर्मित र लेबलिंग गरेका सामग्री खरीद गर्ने गरेका छन् । सुनौलीका बजारमा पाइने दैनिक उपभोग्य वस्तुहरू तेल, वनस्पति घिउ गुणस्तरहिन हुने गरेको बताइए ता पनि २।४ रूपैयाँको लोभमा उपभोक्ताहरूले खरीद गर्ने गरेका छन् । त्यस्ता तेल र घिउबाट बनाइएका पकाइएका खाद्य वस्तु खाँदा जन्डीस जस्ता रोगले समात्ने चिकित्सकहरूको भनाई छ ।

उपभोक्ताहरू जागरूक नहुँदा र चेतनामा अभिबृद्धि नहुँदा सम्म भारतीय बजारमा भन्दा नेपाली बजारमा सामानहरू सस्तो पाइए पनि उपभोक्ता सिमापारी नै ओइरीने छन् ।

सुनौली बजारमा भन्दा धेरै सामग्रीहरू भैरहवामै सस्तो पाइन्छ , तर पनि उपभोक्ता उतै जान्छन् , कर भ्याट नतिरे पछि जे सामान ल्याए पनि सस्तो भै हाँल्ने सिद्धार्थ उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष एवं गौचन फेन्सी बैंक रोडका का सञ्चालक ओमकार गौचनले भने ।

जनचेतनाको अभावले सस्तो पाइने भन्दै दशैँका बेला मात्रै अर्बौ रूपैयाँ सामान्य खरिदारीका नाममा भारतिने गरेको छ । यसले पक्कै पनि नेपालको अर्थतन्त्रलाई फाइदा पुर्‍याउँदैन ।

# डाण्डिया नाच

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

विजया दशमीको अवसरमा दादी परिवार भैरहवाले डण्डी जुधाएर नाच्ने कार्यक्रम डाण्डिया नाच सम्पन्न गरेको छ ।

स्थानीय महेन्द्र सभागृहमा आयोजित कार्यक्रममा एक सय ५० जना सहभागी भएको कार्यक्रम संयोजक नितु बेरिवालले बताइन् । सांस्कृतिक संरक्षण, पारिवारिक, व्यक्तिगत एवं सबै समुदायका वर्गका सहभागी रहेको कार्यक्रम गत वर्षदेखि सुरु भएको संस्थाका सदस्य रोमा सेठियाले जनाइन् । सो अवसरमा ग्रुप डान्ड, फुड फेस्टिबल तथा अन्य सांस्कृति कार्यक्रम पनि आयोजना भएको अध्यक्ष धीरज अग्रहरीले जनाए ।



# एक हप्ता

### दशैंमा सहुलियत सामान

(न्यूज ओके रिपोर्टर) भैरहवा । भैरहवा क्षेत्रका खुद्रा व्यापारी तथा व्यवसायीहरुले बडा दसौंको अवसरमा विभिन्न समानहरुमा सहुलियत दिन सुरु गरेका छन् । ।भैरहवाका विभिन्न स्थानमा संचालित पाँचवटा पसलहरुले दसैंको लागि बढिमात्रामा आवस्यक पर्ने विभिन्न सामानहरुमा छुट उपलब्ध गराएका हुन् । विभिन्न खाद्यान्न सामानको खरिदमा सहुलियत दिने व्यापारीहरुमा आवारोडको कालिका किराना स्टोर, लुम्बिनी रोडमा अवस्थित नव अन्नपूर्ण स्टोर रहेको संयोजनकर्ता सस्ता उद्योग ब्यापार संगठन रुपन्देहीले जनाएको छ । छन् । त्यस्तै मैत्री पथमा अवस्थित अमन किराना पसल, आनन्द किराना पसल र आँखा अस्पतालमा अवस्थित पुजा श्री न्यू किराना स्टोरले खाद्यान्न सम्बन्धि दर्जनौं समानहरुमा पहिलाको तुलनामा दसैंको अवसरमा सहुलियत दिने बताएका छन् ।

### दशैंमा आयो स्कोभाडी स्कुटर

(न्यूज ओके रिपोर्टर) भैरहवा । युके प्रविधिमा निर्मित मोटरसाइकल तथा स्कुटरको आधिकारिक विक्रेता ए.बि.एस मोटर्स प्रा.लि. ले दशैको अवसर पारी आफ्नो सेल्स सर्भिस तथा स्पेयर्स सहितको शोरुम भैरहवामा सञ्चालनमा ल्याएको छ । अरु स्कुटर भन्दा फरक भएको स्कोभाडी स्कुटर इटली डिजाइनमा बनेको, १२५ सिसि, डबल डिस्क ब्रेक, ११ लिटर अट्ने इन्धन टैंक, बिशेष किसिमको टायर र ९.७ बि.एच.पि को ईन्जिन रहेको , विभिन्न ९ रङमा उपलब्ध रहेको मोटर्सका संचालक विजय अधिकारीले बताए ।उद्घाटनको अवशरमा ए.बि.एस मोटर्सले ग्राहकहरुलाई दशैं तिहार अन्तर्गत ५ हजारको नगद छुट, हेलमेट, टि-सर्ट र एक वर्ष फ्रि सर्भिसिङ दिइने जनाएको छ ।

### बिएमजी द्वारा शुभकामना आदान प्रदान

(न्यूज ओके रिपोर्टर) भैरहवा । भैरहवा मर्निङ्गवाक् ग्रुप (बिएमजी) ले विजया दशमी, शुभदिपावली, नेपाल संवत, छठ, मोहरम तथा ल्होसार पर्वको अवसर पारेर शुभकामना आदान प्रदान गरेको छ । घटस्थापनाको दिन नारायण स्थान मन्दिर परिसरमा आयोजित कार्यक्रम ग्रुपका अध्यक्ष विजय सागरको अध्यक्षता, रुपन्देहीका प्रमुख जिल्ला अधिकारी विष्णु प्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

भएको कार्यक्रममा ओमकार गौचन, डिआर शर्मा, भरत पोखरेल, कविता रिजाल, राम कुमार शर्मा, बनमाली निराकार, विजय सागर, ब्रह्माकुमारी शान्ति दिदी,बुद राना लगायतले शुभकामना मन्तव्य तथा सात्हियक रचना बाचन गरेका थिए

### भैरहवा बहुमुखीमा शुभकामना आदानप्रदान

(न्यूज ओके रिपोर्टर) भैरहवा । हिन्दूहरुको महान चाड विजय दशमी तथा शुभ पिावलीको अवसर पारेर भैरहवा बहुमुखी क्याम्पस एम.एड. अध्ययनरत विद्यार्थीहरुले शुभकामना आदानप्रदान कार्यक्रम गरेका छन् ।

एम.एड. अध्ययनरत विद्यार्थी तृप्ती कुमारी कटवालको अध्यक्षता, क्याम्पस प्रमुख प्रा.सुदर्शनप्रसाद नेपालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा झकबहादुर आलेको संचालन तथा पुजा पाण्डेको स्वागतमा भएको थियो ।

### जगर्शद्वारा शुभकामना आदान प्रदान

(न्यूज ओके रिपोर्टर) भैरहवा । बिहानी हिडाई हिडने सस्था जगर्श ग्रुप भैरहवाले शुभकामना आदान प्रदान कार्यक्रम गरेको छ ।

जगर्शका सस्थापक अध्यक्ष एबं साल्ट ट्रेडिंग कर्पोरेशन लुम्बिनी अञ्चल कार्यालय भैरहवाका प्रमुख हरीचन्द्र श्रेष्ठको प्रमुख आतिथ्यता एबं सस्थाका अध्यक्ष अनिल उपाध्यायको सभापतित्वमा सम्पन्न कार्यक्रममा सभ्य तरीकाले दशै पर्ब मनाउन र दशैका समयमा पनि सामाजिक अभियान तथा कार्यलाई निरन्तरता दिन आग्रह गरेका थिए ।

**दशैं बिशेष समाचार**

### रोटरी क्लब अफ सेन्ट्रलको शुभकामना आदान प्रदान

(न्यूज ओके रिपोर्टर) भैरहवा । रोटरी क्लब अफ सेन्ट्रल लुम्बिनी ( प्रस्तावित) ले विजया दशमी, शुभदिपवाली, नेपाल सम्बत् एवं छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ । क्लबले भैरहवामा आयोजना गरेको कार्यक्रममा रोटरी इन्टरनेशनल ३२९२ डिष्ट्रिकका मेम्बरसीप चेयर पर्सन राजेन्द्र ध्वजूको प्रमुख आतिथ्यता तथा प्रस्तावित क्लबका अध्यक्ष विमल सेञ्चुरीको सभापतित्वमा सम्पन्न भएको थियो । सो अवसरमा स्पोन्सर क्लब रोटरी क्लब अफ लुम्बिनी सिद्धार्थनगरका अध्यक्ष खिमबहादुर कार्की, रोटरी क्लब अफ बुटवलका पूर्व अध्यक्ष हरि पौडेल, रोटरी इन्टरनेशनल ३२९२ का जिएसआर गोविन्दसिंह सलुजा, रोटरी क्लब अफ सिद्धाथनगरकी सचिव देवी गुरुङ, कार्यक्रम संयोजक प्रिया न्यौपाने, सदस्य उर्मिला सिलवाल लगायतले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रम महासचिव कृष्ण पाण्डेको संचालनमा सम्पन्न भएको थियो । कार्यक्रममा रोटरी क्लबका परिवारका साथै अन्य आमन्त्रित सहभागी थिए । विविध सांस्कृतिक कार्यक्रम पनि आयोजना गरिएको थियो ।

### रोटरी क्लब अफ भैरहवाको शुभकामना आदान प्रदान

(न्यूज ओके रिपोर्टर) भैरहवा । रोटरी क्लब अफ भैरहवा (प्रस्तावित) ले विजया दशमी, शुभदिपवाली, नेपाल सम्बत् एवं छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ । क्लबका अध्यक्ष राजकुमार गुप्ताको सभापतित्व तथा स्पोन्सर क्लब रोटरी क्लब अफ सेन्ट्रल बुटवलका संस्थापक एवं अध्यक्ष एजाज आलमको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा क्लबका सदस्य तथा परिवारहरु र आमन्त्रितहरुबीच शुभकामना आदान प्रदान भएको थियो ।

## जिल्ला पशु सेवा कार्यालय रुपन्देहीको अनुरोध

**मानिसलाई चाहिने गुणस्तरीय पोषणतत्व भएको खाद्य पदार्थ हो मासु । तर मासु काट्ने ठाउँ, मासु पसल, मासु ओसार पसार र भण्डारण व्यवस्था दुषित भएमा, दुषित पानीको प्रयोग गरिएमा र लामो समय खुल्ला राखिएमा निरोगी पशुको मासु पनि हानिकारक हुनसक्छ ।**

**त्यसैले झुण्डाएर रगत निकाल्ने, छाला काढ्ने र आन्द्रा भुँडी छुट्याउने गरी बनाएको सफा पशु बधस्थल तथा झिंगा किरा पस्न नसक्ने गरी जाली सिसा लगाएको सफा मासु पसल हेरी छाला नभएको मासु खरिद गर्नु उपयुक्त हुन्छ । व्यवसायीहरूले स्वस्थकर मासु उत्पादन तथा विक्री वितरण गर्न तोकिएको मापदण्डहरू पालिन गरौं ।**

अनुरोधक:-
जिल्ला पशु सेवा कार्यालय
रुपन्देही

## जिल्ला जनस्वास्थ्य कार्यालय रुपन्देहीको अनुरोध

**सुर्तिजन्य पदार्थहरु जस्तैः खैनी, सुर्ती, चुरोट, बिंडी, हुक्का, कक्कड आदिको सेवनले नसर्ने रोगहरु जस्तै मुखको क्यान्सर, फोक्सोको क्यान्सर, मधुमेह, मुटुको रोग लाग्नसक्छ । त्यसैले यस्ता पदार्थहरुको प्रयोग नगरौं । स्वस्थ जीवन यापन गरौं ।**

अनुरोधक:-
जिल्ला जनस्वास्थ्य कार्यालय
रुपन्देही




## जरुरी फोनहरु

| | |
|---|---|
| ने. पत्रकार महासंघ रु. | ०७१-५४१३३६ |
| **प्रहरी** | |
| कन्ट्रोल | १०० |
| **प्रहरी** | |
| क्षे.प्र.का.टो.फ्रि | १६६०१५२९९९ |
| ट्राफिक प्रहरी भै. | ०७१-५२२८७५ |
| बुटवल | ०७१-५४०२२२ |
| भैरहवा | ०७१-५२०१९९ |
| अर्घाखाँची | ०७७-४२११९९ |
| गुल्मी | ०७९-५२०१९९ |
| परासी | ०७८-४२०१९९ |
| तौलिहवा | ०७६-५६००९९ |
| पाल्पा | ०७५-५२०२५५ |
| **अस्पताल** | |
| युसिएमएस भैरहवा | ०७१-५२१७५२ |
| लुम्बिनी अं. | ०७१-५४०२०० |
| भीम अस्पताल | ०७१-५२०१९३ |
| मिसन. पाल्पा | ०७५-५२०१११ |
| पृ.चन्द्र परासी | ०७८-५२०१८८ |
| आँखा अस्पताल भै. | ०७१-५२०६६५ |
| अर्घाखाँची जिल्ला | ०७७-४२०२५७ |
| तम्घास जिल्ला | ०७९-५२०१८८ |
| तौलिहवा जिल्ला | ०७६-५६०२०० |
| आम्दा | ०७१-५४४४५० |
| **एम्बुलेन्स** | |
| रेडक्रस भैरहवा | ०७१-५२०२६३ |
| रेयुकाई | ०७१-५२२३२४ |
| परासी | ०७८-५२०१२५ |
| रेडक्रस पाल्पा | ०७५-५२०६०० |
| रेडक्रस तौलिहवा | ०७६-५६००१५ |
| रेडक्रस अर्घाखाँची | ०७७-५२०२७५ |
| रेडक्रस गुल्मी | ०७९-५२०१६३ |
| लु.नि.ब्य.संघ | ०७१-५२१०५८ |
| जैसवाल सेवा समिति | ०७१-५२३२११ |
| **दमकल** | |
| बुटवल | ०७१-५४०१११ |
| भैरहवा | ०७१-५२०२१५ |
| **विद्युत** | |
| बुटवल | ०७१-५४०१३१ |
| भैरहवा | ०७१-५२०२५४ |
| **टेलिफोन** | |
| मर्मत | १९८ |
| सोधपुछ | १९७ |
| **हवाई सेवा** | |
| बुद्ध एयर, भैरहवा | ०७१-५२३८९३ |
| यति एयर, भैरहवा | ०७१-५२७५२७ |
| सिम्रिक एयर | ०७१-५२४२६० |
| **जिल्ला विकास समिति** | |
| रुपन्देही | ०७१-५२०१६० |
| नवलपरासी | ०७८-५२०१४४ |
| कपिलवस्तु | ०७६-५६००२७ |
| पाल्पा | ०७५-५२०२९२ |
| गुल्मी | ०७९-५२०१४४ |
| अर्घाखाँची | ०७७-४२०१४४ |
| **बस काउन्टर** | |
| पश्चिम नेपाल बस | ०७१-५४३६६९ |
| भैरहवा | ०७१-५२०३५१ |
| सिद्धार्थ यातायात | ०७१-५२०७०० |
| बुटवल | ०७१-५४७८१७ |
| काठमाडौं | ०१-४३५३०५६ |
| **शिक्षण संस्था** | |
| बु. बहुमुखी क्या. | ०७१- ५४०१२४ |
| भै.बहुमुखी क्या. | ०७१-५२०२०५ |
| कृषि क्या. पक्लिहवा. | ०७१-५२०१९१ |



### चाडपर्वमा मोबाइल

भैरहवा बैंकरोडस्थित श्री भैरव ट्रेडिङमा मोबाइल खरिद गरी फोटो खिचाउँदै एक ग्राहक। संचालक हरिष सेठियाका अनुसार दशैं, तिहार जस्ता चाडपर्वहरुमा अरुबेला भन्दा बढी मोबाइल बिक्री हुने गरेको छ।

न्यूज ओके
न्यूज ओके राष्ट्रिय साप्ताहिक

# दशैंमा पाइन्ट सर्ट सिलाएर लगाउने क्रम घट्यो

*न्यूज ओके रिपोर्टर*
भैरहवा।

असगरी अलि (४४)ले टेलरिङ्ग काम गर्न थालेको धेरै भयो। भैरहवा बैंक रोडमा न्यू रिलायन्स टेलर्श उनको प्रतिष्ठान हो। अरू कामदारसँगै आफु पनि नियमित काममा उनी खटिन्छन्।

पहिला पहिला यो पेशा राम्रो थियो। त्यसो त अहिले राम्रो छैन भन्न खोजेको होइन तर जुन रूपमा कपडाको पाइन्ट शर्ट पहिला सिलाएर लगाउने चलन थियो। त्यो अब बिस्तारै हट्दै छ। मलाई थाहा भए अनुसार पहिला पहिला दशैं तिहारमा बालबच्चा, युवाले धेरै कपडाको पाइन्ट , सर्ट नै सिलाएर लगाउथे तर अहिले त्यस्तो रहेन, मास्टर अलि भन्छन्। पहिलाको तुलनामा २५ प्रतिशत भन्दा कम छ कपडाको पाइन्ट सर्ट सिलाएर लगाउने। अहिले सबै फैन्सी तिर आकर्षित भएका छन्। कटन, जिन्स, कटराइजको पाइन्ट लगाउने प्रचलन बढ्यो। कपडाको सर्टको स्थान टि सर्ट, तयारी सर्टले लिएको छ।



चाडवाडको बेलामा खुब भिड हुन्थ्यो समयमा सिलाएर दिन सकिदैन की भनेर रातभर काम गरिन्थ्यो। तर अहिले त्यस्तो छैन्, उनले भने।

पहिलो कुरा फेन्सी लुगाले मार्केट लियो। दोश्रो कुरा पहिला जस्तो चाडवाडमा मात्र नयाँ लुगा सिलाएर लगाउने भन्ने छैन्। जुनसुकै समयमा पनि सिलाउने गर्छन्। तर पनि फेन्सी लुगाका कारण कपडाको पाइन्ट सर्ट, सिलाएर लगाउने प्रचलन कम हुँदैछ। तर फेन्सी कपडा हेर्नमा मात्रै हो, बलियो त सिलाएकै कपडा हुन्छ, अलिले भने।

# हिरो मोटरसाइकलमा सुन चाँदी

*न्यूज ओके रिपोर्टर*
भैरहवा।

हिरो मोटोकर्पले उत्पादन गर्दै आइरहेको विभिन्न ब्राण्डका मोटरसाइकलको नेपालको अधिकृत बिक्रेता रहेको नेपाल जनरल मार्केटीङ्ग (एन.जि.एम.)ले दशै, तिहार र छठ पर्वलाई लक्षित गरी ल्याएको पर्वलाई लक्षित गरी ल्याएको 'जाँउ हिरो लिउँ, सुन चाँदी पैसा पाउँ' अफरमा हिरो कम्पनिका सबै मोटरसाइकल र स्कुटीमा सुन या चाँदी उपहार पक्का रहेको छ।

एन.जि.एम.को भैरहवा क्षेत्रको अधिकृत बिक्रेता रहेको नागार्जुन ट्रेडर्शका प्रबन्ध निर्देशक कृष्ण पुकार मुनकमीका अनुसार हिरोका कुनै पनि ब्रान्डका मोटरसाइकल या स्कुटर खरीद गर्दा पाइने स्क्रयाच कार्ड मार्फत एक या दुई ग्रामको सुनको सिक्का अथवा २० वा ५० ग्राम चाँदीको सिक्का मध्ये कुनै एक निश्चित रूपमा पर्ने बताए। मुननकमीले यसका अलावा मोटरसाइकल खरीदमा ६ हजार र स्कूटर खरीदमा ८ हजार छुटका साथै बम्पर उपहारमा हरेक हप्ता एक जनालाई १ लाख रूपैयाँको पुरस्कार रहेको जानकारी दिए।

अन्य समयमा भन्दा दशैं, तिहार छठ पर्व जस्ता ठुला चाडपर्वमा सवारी साधन बढी बिक्ने भएकाले कम्पनिहरूले यो समयमा विभिन्न किसिमका अफरहरू ल्याउने गरेको मुनकमीले जानकारी दिए। पछिल्लो समय अरू मोटरसाइकलका तुलनामा हिरो कम्पनिको मोटरसाइकल अधिक बिक्री भइरहेको र बजार हिस्सा एक नम्बर रहेको उनले बताए। हामीहरू पनि यो चाडपर्वमा मोटरसाइकल र स्कुटर गरी कम्तिमा २ सय भन्दा बढी बिक्री गर्ने लक्ष्य रहेको जनाए। गत सोमबार एकै दिन १५ वटा बिक्री गरेका थियौ, यस्तै भयो भने ३ सयको हाराहारीमा बिक्री हुन्छ, मुनकमीले भने।

# मेरो रोजाई : हिरो सुपर स्प्लेण्डर

मेरो नाम हफिजुर रहेमान मुसलमान हो। म तिलोत्तमा नगरपालिका वडा नम्बर १९, टिकुलीगढमा बस्छु। मैले हल्का ४ पांग्रे सवारी साधन चलाउँदै आएको छु। आफ्नै मोटरसाइकल नभएकाले कहिलेकाँही साथीभाईसँग मागेर चलाउने गर्दथिए। पछि आफै मोटरसाइकल किन्ने निर्णय गरे। तर बजारमा धेरै कम्पनिहरूको मोटरसाइकलबाट राम्रो रोज्न मलाई गाह्रो भयो। पछि बजारमा बुभ्दा र साथीभाइहरूको राय सल्लाह बमोजिम हिरो कम्पनिको मोटरसाइकल किन्ने निर्णय गरे। अरू भन्दा पनि पुरानो कम्पनि र धेरै मानिसहरूले प्रयोग गरिरहेको पाएपछि हिरोको सुपर स्प्लेण्डर बाइक मेरो रोजाई भयो। यो बाइक हलुका, तेल कम खाने र पछि बिक्री गर्न चाहेमा अरू मोटरसाइकल भन्दा उचित मुल्य (रिसेल भ्यालु) पनि पाइने भएकाले मैले भैरहवा स्थित नागार्जुन ट्रेडर्शबाट गत मंगलबार बाइक खरीद गरे। अरू समय भन्दा पनि चाडपर्वको बेलामा खरीद गर्दा विभिन्न छुट, स्क्रयाच कार्ड अफर र बम्पर उपहार समेत पर्ने संभावना पनि हुने भएकोले मेरो रोजाइको बाइक खरीद गरे। धेरै खुसी छु।



हफिजुर रहेमान मुसलमान
टिकुलीगढ

हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभ दिपावली एवं छठ पर्व-२०७३ को पावन अवसरमा हाम्रा ग्राहक वर्ग, शुभचिन्तक एवं सम्पूर्ण देशबासीमा सुःख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
जय बुद्ध ट्रेडर्स परिवार
देवकोटाचोक, भैरहवा, रुपन्देही, फोनः ०७१-५२६५४६
हामी कहाँ एसी, फ्रिज, वासिङमेसिन, डि-फ्रिजका साथै सम्पूर्ण घरायसी इलेक्ट्रोनिक सामानहरु उपलब्ध छ।

दशैंको शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदिपावली तथा छठ पर्व-२०७३ को शुभ अवसरमा हाम्रा सेवाग्रागी, शुभेच्छुक, कर्मचारी एवं सम्पूर्ण दशेबासीमा सुःख, शान्ति, समृद्धि र दीर्घायूका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
सुशील नेपाल
(क्षेत्रीय प्रबन्धक)
सिद्धार्थ बैंक लिमिटेड परिवार
बुटवल, मिलनचोक, रुपन्देही

हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभ दिपावली एवं छठ पर्व-२०७३ को पावन अवसरमा हाम्रा ग्राहक वर्ग, शुभचिन्तक एवं सम्पूर्ण देशबासीमा सुःख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
खिमबहादुर कार्की
(प्रमुख कार्यकारी अधिकृत)
एभरेष्ट फाइनान्स लि.
प्रधानकार्यालयः सिद्धार्थनगर, भैरहवा, रुपन्देही

हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभ दिपावली एवं छठ पर्व-२०७३ को पावन अवसरमा हाम्रा ग्राहक वर्ग, शुभचिन्तक एवं सम्पूर्ण देशबासीमा सुःख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
प्रकाश गुरुङ
(प्रमुख कार्यकारी अधिकृत)
पूर्णिमा विकास बैंक लि.
प्रधानकार्यालयः सिद्धार्थनगर, भैरहवा, रुपन्देही

हार्दिक मंगलमय शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभ दिपावली एवं छठ पर्व-२०७३ को पावन अवसरमा हाम्रा ग्राहक वर्ग, शुभचिन्तक एवं सम्पूर्ण देशबासीमा सुःख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
गोपाल ज्ञवाली
(शाखा प्रबन्धक)
सगरमाथा इन्स्योरेन्स कं.लि.
शाखा कार्यालयः देवकोटाचोक, भैरहवा, रुपन्देही

दशैंको शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदिपावली एवं छठ पर्व २०७३ को हार्दिक मंगलमय शुभकामना।
श्यामसुन्दर अग्रवाल
प्रबन्ध निर्देशक
रिलायन्स सिमेण्ट प्रा.लि.
रिलायन्स पेपर मिल्स प्रा.लि.
सेमरी, रुपन्देही

NIC ASIA
बडा दशैंको शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदिपावली एवं छठ पर्व २०७३ को हार्दिक मंगलमय शुभकामना।
दिनेश थापा
प्रबन्धक
एनआइसी एशिया बैंक लि. परिवार
भैरहवा शाखा

दशैं तिहार र छठ को शुभकामना
नेपालीहरुको महान पर्व विजया दशमी, शुभदिपावली तथा छठ पर्वको हार्दिक मंगलमय शुभकामना
अरुण अग्रवाल
महाप्रबन्धक
सिद्धार्थ सिमेण्ट उद्योग प्रा.लि.
गुरवनिया, रुपन्देही

**दशैंमा टिका लगाउँदा मान्यजनबाट दिइने आशिष**

*आयू द्रोणसुते श्रीयो दशरथे शत्रुक्षयं राघवे ।*
*ऐश्वर्यं नहुषे गतिश्च पवने मानञ्च दुर्योधने ।*
*दानं सूर्यसुते बलं हलधरे सत्यञ्च कुन्तीसुते ।*
*विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे ॥*

न्यूज ओके राष्ट्रिय साप्ताहिक

## सम्पादकीय

### दशैं शुभ रहोस्

नेपालीहरूले हर्षोल्लास पूर्वक मनाउने सबैभन्दा ठुलो पर्व दशैं प्रारम्भ भइसकेको छ । आज बिहीबार नौ रथाको छैठौं दिन हो । यस वर्ष घटस्थापना प्रारम्भ भएको ११ औं दिन मात्र मान्यजनबाट टिका ग्रहण गर्ने तिथी रहेको छ । यो वर्षको विजया दशमी असोज २५ गते रहेको छ । टिका घटस्थापना प्रारम्भ भएर ११ औं दिनमा परेको ४५० वर्ष भन्दा पछि हो । त्यसैले पनि अहिलेको दशैंको धेरै महत्व छ । अहिले घरघरमा दशैं भित्रीसकेको छ । चोक, बजार, पसल, यातायात, बैंक वित्तीय संस्था जताततै दशैंको चर्चा हुने गरेको छ । शक्ति पीठहरूमा बिहानै देखि श्रद्धालुहरू भजनकिर्तन, पुजापाठमा व्यस्त देखिन्छन्, भने रेडियो, टिभीमा मालश्री धुन बज्दा दशैं आगमन भएको भान सबैलाई प्रतित हुन्छ ।

भारत लगायत विभिन्न देशमा रहेका नेपालीहरू पनि दशैंका लागि घर फर्कने क्रम बढ्दै छ । बजारमा दशैंका लागि खरिदारी गर्नेहरूको भिड बढ्दो छ अझ त्यो भन्दा बढी सिमावर्ती भारतीय बजारमा भिड लागेको छ, नेपालीहरूको । सिमित सामानहरू सस्तो पाइने र अरू सामान नेपालमै भारतीय मुल्यमा पाइने भए पनि नेपालीहरू खरिदारी गर्न त्यतै हुरिने गरेको छन् । दशैंका नाममा मात्रै भारतमा अर्बौं रूपैयाँ जाने गरेको छ । दशैंको पहिलो पक्ष भनेको धार्मिक कार्य हो भने दोश्रो पक्ष खानपान हो । विशेष गरी दशैंमा माछा मासु अत्यधिक प्रयोग गरिने भएकाले खानपानमा विशेष ध्यान दिन जरूरी छ । खानामा ध्यान नदिँदा आलो काँचो खाँदा हैजा जस्ता रोगव्याधीले समात्न सक्ने भएकाले पनि खानपीनमा ध्यान दिन जरूरी छ ।

त्यस्तै गरी दशैंमा आफु भन्दा माथिका मान्यजनबाट टिका थाप्न जाने प्रचलन छ, भने साथीभाईसँग विभिन्न स्थानमा घुमफिर गर्न जाने पनि गरिन्छ । त्यसैले त्यस क्रममा यात्रा गर्दा तीब्र गतिमा सवारी साधन नचलाउने, मादक पदार्थ सेवन नगर्ने, बसको छतमा यात्रा नगर्ने, मोटरसाइकलमा दुई जना भन्दा बढी नचढ्ने दशैं अझ बढी सुरक्षित एवं शुभ हुन्छ । दशैंमा चोर डाका लाग्ने संभावना अरू बेला भन्दा बढी हुने भएकाले चनाखो हुन जरूरी छ । कुनै संदिग्ध व्यक्ति घरवरपर देखिएमा नजिकैको प्रहरीलाई खबर गर्न जरूरी हुन्छ । सबैले भयरहित वातावरणमा सुरक्षित तरीकाले पर्व मनाउन सकुन् । दशैंको उपलक्ष्यमा माता दुर्गाले सबैको भलो गरून् । देशले राजनैतिक निकास पाओस् ,यही शुभकामना छ । शुभ दशैं ।

**पाठक वर्गमा अनुरोध**

यस न्यूज ओके राष्ट्रिय साप्ताहिकमा आफ्ना लेख, रचना पठाई सहयोग गर्नु हुनु अनुरोध छ । साथै तपाईंको लेख, रचना प्राथमिकताका साथ प्रकाशित गरिनेछ ।

सम्पर्कः न्यूज ओके साप्ताहिक
देवकोटा चोक, भैरहवा, इमेलः newsok52@gmail.com

# बडा दशैंको शुभकामना !



ब्रह्माकुमारी शान्ति

**रावण अहिलेसम्म मरेको छैन । हरेक वर्ष रावणको पुतला बनाएर जलाउादा पनि रावण मरेको छैन । विचार गरौं पुतला कहिले पनि मरेको व्यक्तिको जलाईंदैन । जीवित व्यक्तिको कार्य, विचार तथा नीतिको आलोचना गर्नको लागि नै पुतला जलाइन्छ । रावणको पुतला जलाउनुले सिद्ध गर्दछ, की रावण अझै जीउँदै छ, झन बलियो हुँदै मानव मन र यो संसारमा राज्य गर्दै छ ।**

नेपालमा सर्वाधिक चर्चा हुने र लामो छुट्टीका साथ धुमधामका साथ मनाइने ठुलो र विभिन्न दृष्टिकोणले महत्वपूर्ण चाडवडा दशैं सुरू भइसकेको छ । शास्त्रमा उल्लेख भएअनुसार यो पर्वसँग अनेक प्रसङ्गहरू जोडिएको पाइन्छ । मुख्यतः राम र रावण अनि अर्को देवी र दानव अनी विजया दशमी र नवरात्री । दशैं आउँदै गर्दा राम र लङ्कापती रावण अनि देवी र दानवहरू बीचको संघर्ष, हिंसक युद्ध, जीत हार आदि हाम्रो मानस पटलमा ताजा हुनु स्वभाविकै हो । शास्त्र अनुसार मर्यादा पुरूषोत्तम रामको दुष्मन रावणसँगको लामो घमासान पछि ठुलो धनजनको क्षती पश्चात प्राप्त भएको रामको विजयको खुशीयालीमा मनाइने चाड दशैं । शास्त्रले दशैंको कथा कहानी प्रसङ्ग जती लामो बताए पनि निचोड एउटै भनेको छ नकारात्मकता माथि सकारात्मक पक्षको जीत, असत्यमाथि सत्यको विजय । नेपालमा मनाइने विभिन्न चाडपर्वहरू मध्ये सबैभन्दा मुख्य पर्वको रूपमा विजया दशमी जुन दशैं नामले प्रख्यात छ । यो पर्वसँग जोडिएका विभिन्न प्रसङ्गहरू मध्ये दुई बढी चर्चामा छन् ।

पहिलो हो राम र रावणको । रामलाई मर्यादा पुरूषोत्तम भनिन्छ, भने रावणलाई रामको दुष्मन । अव हामी विचार गरौं रावण रामको मात्र दुष्मन हो कि सबै मानवको हो ? वास्तवमा यो पर्वको रहस्य के हो ? यसको मानव जीवनसँग के सम्बन्ध छ ? विद्धान, धनवान र शिवभक्त पनि मानिएका रावण कुनै एक लङ्का देशको राजा, साच्चै दश शिर भएका एक व्यक्ति थिए वा यसको भावार्थ अरू केहि छ ? वास्तवमा रावणको दश शिर मानव भित्र विद्यमान काम, क्रोध, लोभ, मोह, अंहकार, घमण्ड, ईर्ष्या, द्वेष, अनैतिकता, भ्रष्टाचार आदि मनोविकारहरूको प्रतिक हो । अनि लङ्का सम्पूर्ण यो कलियुगी मानव जगतको । यति बेला यस सृष्टिमा सम्पूर्ण रावणको साम्राज्य छाएको छ । अर्थात् आजका विद्धान, धनी, धार्मिक, उच्च पदस्थ लगायत सबै मानव मन भित्र रावणको प्रभाव छ, रावणको प्रभुत्व छ । यिनै मनोविकारहरूको कारणले गर्दा मानव जीवन दुखी अशान्त तथा पतन तर्फ उन्मुख छ । त्यसैले वास्तवमा रावण हामी सबैको दुष्मन हो ।

रावण अहिलेसम्म मरेको छैन । हरेक वर्ष रावणको पुतला बनाएर जलाउँदा पनि रावण मरेको छैन । विचार गरौं पुतला कहिले पनि मरेको व्यक्तिको जलाइँदैन । जीवित व्यक्तिको कार्य, विचार तथा नीतिको आलोचना गर्नको लागि नै पुतला जलाइन्छ । रावणको पुतला जलाउनुले सिद्ध गर्दछ, की रावण अझै जीउँदै छ, झन बलियो हुँदै मानव मन र यो संसारमा राज्य गर्दै छ । आँफू भित्र या आफ्नो जीवनमा रावण समाहित छ भन्ने यो कुरा महशुस गरी रावणलाई मार्नुको अव आवश्यकता छ । रावण अर्थात् आसुरी वृत्ति, विकारी कर्मबाट मुक्त भएर नै हामी वास्तविक सुखको अनुभव गर्न सक्दछौ ।

सर्वमान्य ज्योतिस्वरूप परमपिता शिव स्वयम् यस धर्तिमा अवतरित भई मानवमा विद्यमान मनोविकार माथि विजय प्राप्त गर्नका लागि ईश्वरीय ज्ञान र राजयोगको शिक्षा दिनुहुन्छ । यसको द्धारा मानव काम, क्रोध आदि मनोविकार रूपी रावण माथि विजय प्राप्त गर्दछन् । यसैको यादगार यो पर्व हो दशैं । परमात्माले ज्ञान योगद्धारा यस विकाररूपी रावणको संहार गरी आत्मारूपी सीतालाई रावण अर्थात् विकारको कैदबाट मुक्त गर्नुभएको थियो । यो समस्त विश्व नै समुन्द्रले घेरिएको छ यो एउटा वृहद टापु लङ्का जस्तै हो । यहाँ मानव शरिरमा बस्ने आत्मारूपी सीताले जीवनको लक्ष्यबाट पवित्र मर्यादाको लक्ष्मण रेखालाई उल्घन गरी रावणको फन्दामा परेको छ । यस सृष्टिको प्रारम्भमा हामी मानव देवता थियौ, मर्यादित थियौ त्यसैले सुखी थियौं । अहिले रावण राज्यमा रावणकै कैदमा छौ । परमात्मा हामीलाई यो कैदबाट मुक्ति दिलाउनका लागि गुप्तरूपमा सेवारत हुनुहुन्छ । अव हाम्रो कर्तव्य हो परमात्माको आज्ञा अनुसार यस कैदबाट मुक्त हुनु । हिन्दी भाषीहरू दशैंलाई दशहरा भन्ने गर्दछन् । सही अर्थमा दश मनोविकारलाई (विषय वासना, क्रोध, लोभ, मोह, अंहकार, हिंसा, चोरी.आदि.) हराउन सकेमा मात्र दशैं मनाएको सार्थक हुन्छ । त्यसैले अब आँफु भित्र विद्यमान मनोविकारलाई मार्ने संकल्प लिऔं, प्रतिज्ञा गरौं र वास्तवमा मनमा बसेको रावण मारी सच्चा खुसीयाली प्रकट गरौं यसमा नै हामी सबैको कल्याण छ ।



दोश्रो प्रसङ्ग छ देवी र दानवको जव संसारमा आसुरी वृत्तिको बोलवाला हुन्छु, अर्थात् नकारात्मक पक्षहरू हत्या हिंसा, पापाचार, भ्रष्टाचार, अनैतिकता आदि बढ्दै जान्छ, देव समान मानवहरू असुर समान (लोभी, लालची, अनैतिक, स्वार्थी, आपसमा लड्ने, मर्ने, मार्ने) बन्दै जान्छन तव नै विश्व कल्याणकारी सर्वमान्य ज्योतिस्रूप शिव परमात्माले नारी शक्तिको माध्यमबाट संसारलाई सुखद बनाउने कार्य गर्नुहुन्छ । वर्तमान संसारको स्थितिलाई हेर्दा शास्त्रमा वर्णित देवी र दानवको लडाइ चलिरहेको भान हुन्छ । अहिंसा परमो धर्मलाई शिरोधार्य गर्ने देवी देवताहरूले कसरी असुरलाई मार्ने काट्ने हिंसक युद्ध गरे होलान् ? वास्तवमा देवी शक्ति र आसुरी शक्तिको द्धन्द आज मानव मन भित्र भइरहेको छ । मानौं सारा संसारमा नै भइरहेको छ । जहाँ दैवि वृत्तिको प्रयोग हुन्छ त्यहाँ सत्कार्य हुन्छ । जहाँ आसुरी वृत्तिको प्रयोग हन्छ त्यहाँ पाप कर्म, गलत कार्य बढी हुन्छ ।

आज मानव मन भित्र विद्यमान आसुरी वृत्ति, पशुवृत्तिलाई देवीको नाममा त्याग्नु पर्ने हो । देवीहरूलाई पशुवली हैन आँफु भित्रको पशुत्वको वली दिनुपर्ने हो । संसारमा बढ्दो हिंसाको वृत्तिलाई तत्काल रोक्नु पर्ने आजको खाँचो हो । दशैं लगायत विभिन्न पर्वहरूले हामीलाई दिन खोजेको दिव्य सन्देश अहिंसा, शान्ति, एकता, सदभाव जस्ता मानविय मूल्यहरूको जगेर्ना गर्नु हो । नकी परम्पराको नाममा, देवी देवताको नाममा निर्दोष, निरिह प्राणीको जीवन लिलानै समाप्त पार्दै उनीहरूको रगत, रोदन र पीडामा रमेर आनन्द मनाउनु । गलत खानपान र गलत रहन सहनलाई बढावा दिन कुनै पनि पर्वले सिकाउँदैन । हाम्रा कुनै पनि धर्म शास्त्रमा वर्णित कहानीले दिन खाजेको सत्य सन्देश वा भावार्थलाई बुझ्नु पर्ने हुन्छ तर आज विग्रदो कलियुगी प्रभाव र वातावरण अनुकुल शब्दार्थलाई लिँदा विकृति भित्रिएको छ । आजको तितो यथार्थ हामी धर्म मान्छौं, भन्दछौं तर धर्मले भनेको मान्ने तर्फ ध्यान दिन सकेका छैनौं । आउनुहोस् आँफु भित्रको रावण असुरलाई मारेर कसैलाई पनि दुख नदिई, हत्याहिंसामुक्त विजया दशमी मनाउन सकौं । यही नै वास्तविक विजय हुनेछ र साँचो विजया दशमी मनाएको हुनेछ ।

संसार कै प्राचिन सनातन धर्मसँग सम्बन्धित थुप्रै महत्वपूर्ण मठ, मन्दिर, धार्मिक स्थल रहेको साथै देवी देवताको कर्म भूमि मानिने पावन नेपाल । शान्ति र अहिंसाको महत्वपूर्ण सन्देश अतर्राष्ट्रिय स्तरमा फैलाउने शान्तिका अग्रदुत महामानव गौतम बुद्धको पवित्र जन्मभुमि नेपाल । अहिंसा परमो धर्म मात्र नभई काटमार त धेरै टाढाको कुरा अरूको मन दुख्ने विचार मनमा आउन पनि हिंसा वा पाप हो भन्ने कुरा लेखिएको शास्त्र मान्ने सनातन धर्मावलम्बिहरूको अत्याधिक बाहुल्यता रहेको देश नेपालमा दशैं आउँदैछ । खै कसले, कहाँबाट, किन सुरू गरायो आफ्नो जीब्रोको स्वादका लागि निरीह प्राणी हत्या जस्तो घृणीत पाप कर्म । संसारको सर्वश्रेष्ठ बुद्धि विवेक भएको प्राणी मानव के गर्दैछ विचरा प्रतिकार गर्न नसक्ने अवोध प्राणी हत्या गरी रगत बगाएर आफ्नो खुसीयाली मनाउन ? के यी हाम्रा यस्ता हिंसात्मक क्रियाकलापले बुद्धलाई गिज्याएका छैनन् ? सनातन धर्मको उपहास गरेका छैनन् ? हाम्रो बुद्धि विवेकमा प्रश्न चिन्ह खडा गरेका छैनन् ? निर्माणाधिन अन्तर्राष्ट्रिय एअरपोर्ट, ६ लेनको सडक लगायतका अन्य थुप्रै संभावना बोकेको यस क्षेत्रमा तिव्र गतिमा हुन लागेका विकासका कारण पनि बुद्धभूमि लुम्बिनीको महत्व बढ्ने पक्का छ । फलस्वरूप आन्तरिक र विदेशी पर्यटकको आगमन ह्वात्तै बढ्नेछ अनि सम्पूर्ण नेपाली, रूपन्देही वासी खास लुम्बिनीको प्रवेशद्धार यस सिद्धार्थनगर निवासी हाम्रो नैतिक दायित्व बढने छ । बुद्धको पवित्र जन्मभूमि यस क्षेत्रको गरिमा बचाई राख्ने । शान्ति र अहिंसाको सन्देश दिने मात्र हैन यहाँ आउने जो कोहीलाई पनि पूर्ण अहिंसक र शान्तिप्रीय बन्न प्रेरीत गर्ने । अहिले देखि नै हामी यसका लागि तयार हुनुपर्दछ । यस महान कार्यका लागि नागरिक अगुवा, राजनैतिक दल, प्रहरी प्रशासन, धार्मिक सामाजिक संघ संस्था, उद्योगी व्यवसायी लगायत आम जनता जागरूक हुनु ढिलो भइसकेको छ । अन्तमा बडा दशैंले माथि उल्लेखित नैतिक जिम्मेबारी पुरा गर्ने सोच र शक्ति सबैलाई प्रदान गरोस् पावन बुद्ध जन्मभूमी लुम्बिनीको प्रवेशद्धार यस सिद्धार्थनगरलाई पशु वलीका साथै सबै खाले हिंसामुक्त बनाउने सोच र खुबी सबैमा आयोस् यही शुभकामना विजया दशमीको । ओम्‌शान्ति ।

*(लेखक ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, क्षेत्रीय कार्यालय भैरहवाकी प्रमुख हुन् ।)*

# दशैं अर्थात् मोहनी



विजय सागर

**अहिले हाम्रो समाजमा बासन्तिक अर्थात् चैते दशैं र शारदीय अर्थात् आश्विनमा मनाउने दशैं गरी दुईवटा दशैं प्रचलनमा छन् । तर विर्सन नहुने कुरा के छ भने प्राचीन समयमा वर्ष भरीमा चार ऋतुलाई मुख्य ऋतु मानेर प्रत्येक ऋतुमा एकएक वटा दशैं मनाउने गरिन्थ्यो ।**

हामी हिन्दुहरूको महान चाड दशैंलाई नेपाली भाषामा मोहनी भनि सम्वोधन गरिन्छ । आश्विन शुक्ल प्रतिपदा देखि दशमी सम्म अत्यन्त श्रद्धाका साथ पूजा पाठ गरी दशमीको दिन आफ्ना मान्यजनहरूबाट टीका थापी आशिर्वाद लिई हर्षोल्लासका साथ दशैं मनाइन्छ ।

दशैं चाडमा प्रमुख नायिका महामाया दुर्गा भगवती हुन । दुर्ग नाम गरेका राक्षशलाई वध गरेको हुँदा भगवतीको नाम दुर्गा रहन गएको हो । अर्को शिव प्रिया पार्वतीले भगवान् शिवद्धारा आफ्ना पुत्र गणेशको शिरोच्छेदन गरिँदा नव दुर्गाहरूको उत्पत्ति गरी चारै दिशाबाट देवताहरूलाई त्रसित पारेको कुरा शिव पुराणमा वर्णित छ । नव दुर्गाहरू विभिन्न ग्रन्थमा विभिन्न नामले प्रस्तुत गरिएका छन् । ब्रहमवैवर्तपुराणमा वर्णित नवदिग्दुर्गाहरूमा १) प्रकृति- पूर्व, २) चण्डिका- अग्निेय, ३) भद्रकाली- दक्षिण, ४) माहेश्रवरी-नैऋत्य, ५) बाराही -पश्चिम, ६) सर्वमङ्गला- वायण्य, ७) वैष्णवी- उत्तर, ८) शिवप्रिया- ईशान, ९) जगदम्बिका- जल, थल र आकाश ।

माथि उल्लेख गरिएको छ दशैंलाई नेपाल भाषामा मोहिनी भनि सम्बोधन गरिन्छ । मोहनीको अर्थ हो मायाजाल, मोहनीलाई अर्थपूर्ण सज्ञाको रूपमा लिइन्छ । दानवराज शुम्भ, निशुम्भ, महावली दानवराज महिषासुरहरू त्यसबेला कुमारीको रूपमा रहेको महामाया भगवतीको रूप देखेर मोहित भएका थिए । आसुरी शक्तिले मत्त भएका दानवराजहरूले कुमारीको स्वरूप लिएकी महामाया जगदम्वा देवीसँग विवाहको प्रस्ताव राखे । तर विवाहको निम्तो महामाया देवी जगदम्वाको सर्त अचम्मको थियो । दानवराजहरूले महामाया देवीसँग युद्ध गरी जित्नुपर्ने थियो । जितेमा मात्र विवाह हुने सर्त थियो ।

अत्यन्त कोमल, अत्यन्त सुन्दरी, सुकुमारी युवतीलाई युद्धमा जित्नु पर्ने सर्तले दानवराजहरू दम्भले हास्न थाले । दानवराजहरूले देवी भगवतीको रूप देखेर लठिएका हुँदा मोहनीरूपा देवीलाई युद्धमा चोट पटक सम्म पनि दिन चाहेनन् । फलतः मोहनी रूपा देवी भगवतीको रूपमा लोभिएका दानवराजहरू महामाया देवीबाट मृत्यु लोकमा पुगे ।

अहिले हाम्रो समाजमा बासन्तिक अर्थात् चैते दशैं र शारदीय अर्थात् आश्विनमा मनाउने दशैं गरी दुईवटा दशैं प्रचलनमा छन् । तर विर्सन नहुने कुरा के छ भने प्राचीन समयमा वर्ष भरीमा चार ऋतुलाई मुख्य ऋतु मानेर प्रत्येक ऋतुमा एकएक वटा दशैं मनाउने गरिन्थ्यो । देवी भागवत अनुसार बसन्त ऋतुमा चैते दशैं मनाइन्थ्यो । गृष्मऋतुको आषाढमा दशैं मनाइन्थ्यो । शारदीय दशैं अध्यावधिक रूपमा आश्विनमा मनाउँदै आइरहेका छौं । शिशिरको पौष महिनामा मनाइन्थ्यो ।

यहाँ नेर अर्को पौराणिक कथन के छ १) इन्द्रले वृत्रासुर २) शिवले -त्रिपुरासा ३) विष्णुले- मधुकैटभ तथा ४) रामले- रावणको वधको निम्ति मोहनीस्वरूपा महामाया नव दुर्गादेवीहरूको नवरात्रको व्रत लिएका थिए । हामी हिन्दुहरूको महान दशैं अर्थात् मोहनीको उपलक्ष्यमा सबैमा हार्दिक मङ्गलमय शुभकामना ।

*(यो टिप्पणी लेख हरिराम जोशीद्वारा लिखित नेपालका चाडपर्व (२०६०) पुस्तकको आधारमा तयार पारिएको हो ।)*

# दशैं उमंग



**दशैंमा घर छाडेर बाहिर गएकाहरू पनि कति बेला घर पुगौंला र परिवारसँग खुशी साटौंला भनेर घर पुग्न हतार गरिरहेका हुन्छन् ।**

अम्बिका खतिवडा

हिन्दू धर्मावलम्बीहरूको धार्मिक, सांस्कृतिक र आध्यात्मिक दृष्टिले सबै भन्दा ठूलो चाड दशैं नजिकिदैं गर्दा सबैको मनमा उमङ्ग छाएको छ । बजारमा चहलपहल सुरू भइसकेको छ, भने ठाउँ ठाउँमा सुपथ मूल्य पसल पनि सुरू भइसकेको छ । बजारमा सबैतिर व्यापारीहरू सामान बेचबिखनमा व्यस्त देखिन्छन्, र ग्राहकहरू सामान खरिद गर्नमा व्यस्त देखिन्छन् । सबैको मन उमङ्गले भरिएको छ ।

त्रेता युगमा देवता र दानवका बीचमा खुब युद्ध चल्ने गर्दथ्यो । एकपटक देवता र दानवका बीचमा युद्ध हुने क्रममा देवताहरूलाई दानवहरूले पराजित गर्दै लगे । युद्धमा आफ्नो हार हुने डरले देवताहरूले दुर्गादेवीको पूजा आराधना गर्न थाले । देवताहरूको पूजा आराधनाबाट खुशी भएर देवी देवताहरूको पक्षबाट युद्ध लडिन् । युद्धमा देवताहरूको जित भयो । दानवको हार र देवताहरूको जित भएको खुशीको अवसरमा उत्सव मनाउने कार्य भयो । यही किम्बदन्ती अनुसार दानवहरू माथि देवताहरूले प्राप्त गरेको विजयको खुशीयालीका रूपमा मनाइने दशैंलाई विजयादशमी भन्ने गरिन्छ ।

आश्विन शुक्ल प्रतिपदादेखि सुरू हुने दशैं कोजाग्रत पूर्णिमासम्म पन्ध्र दिन मनाइन्छ । दशैंको पहिलो दिनलाई घटस्थापना भनिन्छ । यस दिनमा प्रत्येकको घरमा जमरा राख्ने चलन छ । सबैको घरमा लिपपोत र रङ्गरोगन गरी जमरा राखिन्छ । घटस्थापनाको दिन देखि दशैंभरि नव दुर्गाको पूजा आराधना गरिन्छ । घटस्थापनाको सातौं दिन सबैको घर घरमा फूलपाती भित्याइन्छ । दशैंको आठौं दिनलाई महाअष्टमी भनिन्छ । महाअष्टमीका दिन देवीका पीठहरूमा बोका, भेडा, राँगा सुँगुर जस्ता पशुहरूको बली दिने गरिन्छ । पीठहरूमा बली नदिनेहरूले पनि आ आफ्नो घरमा देवीकै नाममा बली दिने गर्दछन् । दशैंको नौं दिनमा अर्थात् महानवमीका दिनमा दुर्गा देवीको धुमधामसँग पूजा गरिन्छ । दशैंको सबै भन्दा महत्वपूर्ण दिन दशौं दिन हो ।

यस दिनलाई विजयादशमी भनिन्छ । यस दिनमा दानवहरू माथि देवताहरूले विजय प्राप्त गरेको खुशीयालीमा निधारमा टीका र जमरा सिउरिएर विजय उत्सव

(बाँकी ६ पेजमा)

## मुक्तक

निधारमा टाँस्ने चामल जम्मा गरी गरी
पश्चिमतिर दिन पाए बोरा भरी भरी
पप्कै भात खान्थेँ, होला मानी दशैं तिहार
खुशीयाली देखिन्थ्यो, कि तिनका आँखा भरी

दिनै पर्छ, शुभकामना भनेर हो दे को ?
महँगीले ढाडै सेक्यो सन्तोष लिने के को ?
अन्धकारमा कति बस्ने छैन बत्ती पनि
गणतन्त्र आयो भन्छन् जनतालाई के भो ?

*बनमाली निराकार*

न्यूज ओके
न्यूज ओके राष्ट्रिय साप्ताहिक

कविता

# म कस्तो कविता लेखूँ

*- बनमाली निराकार*



म यति बेला दोधारमा, छु
सुन्दरताको कविता लेखूँ या कुरुपताको ?
आस्थामा पहिरो गएको बेला
विश्वास गर्ल्याम्म ढलेको बेला
म हिमालको सौन्दर्यको कविता लेखूँ
या देशको लथालिङ्ग कुरुपताको कविता लेखूँ
म यति बेला दोधारमा, छु
मलेशियामा भेंडा चराइरहेका या खाडीको
तातो बालुवामा उट चराइरहेका
नेपाली युवाको कविता लेखूँ
या भारतीय वेश्यालयमा र खाडी मुलुकमातिर
बेचिएका निरीह नेपाली युवतीका कविता लेखूँ
या आफ्नै आफन्तबाट बलाकृत अबोध
मासुम नाबालक प्यारा नानीहरुका कविता लेखूँ ?
या दिन दहाडै विद्यालयमा बम पड्काएर
स्कुले नानी तर्साउने नरपिचाएको कविता लेखूँ ?
म यति बेला दोधारमा छु
डाँडा रातै हुनेगरी फुल्ने लालिगुराँस र
लालुपातेको सौन्दर्यको कविता लेखूँ
या कुरुप जङ्गल फडानी र चुरे, दोहनका कविता लेखूँ
म यति बेला दोधारमा छु
निरन्तर निहत अगाध जलश्रोतको सम्भावनाको कविता लेखूँ
या राष्ट्र अध्यारो हुने गरी बढ्दै गइरहेको
लोड सेडिङको कविता लेखूँ
म यति बेला दोधारमा छु
आम मानिसका इच्छा,आकांक्षा र विश्वासका कविता लेखूँ
या बारम्बार ढाटेर जनताका विश्वास
माथि बुर्कुसी मार्ने बज्रस्वाँठहरुका कविता लेखूँ ?
स्वाभिमान खस्कदै गइरहँदा स्वतन्त्रता र आस्था
अपहरित हुँदै गएको बेला
महँगी, भ्रष्टाचार र अन्याय अत्याचार
मौलाउँदै गइरहेको बेला
यो सुन्दर शान्त पावन बुद्ध भूमिमा बसेर
शान्तिको कविता लेखूँ
या डर त्रास आतङ्क कुशासनले जर्जर र
कुरुप बनेको मेरो प्यारो राष्ट्रको कविता लेखूँ
म यति बेला साच्चै दोधारमा छु
सुन्दरताको कविता लेखूँ
या कुरुपताको कविता लेखू ।

*भैरहवा*

# पशु कार्यालयद्वारा आ.ब.२०७३/०७४ का कार्यक्रहरु सार्वजनिक

***भुवन पाण्डे***
भैरहवा ।

जिल्ला पशु सेवा कार्यालय रुपन्देहीले आर्थिक वर्ष ०७३।०७४ का कार्यक्रहरु सार्वजनिक गरेको छ ।

सोमबार भैरहवामा रहेको कार्यालयमा सार्वजनिकिकरण कार्यक्रम गर्दै बार्षिक बजेट ३ करोड ७० लाख ८५ हजारमा विभिन्न कार्यक्रमहरु गरिने जनाएको हो । जसमा प्रशासनिक बजेट २ करोड १७ लाख ५२ हजार, विभिन्न कार्यक्रम बजेट १ करोड १२ लाख ५४ हजार र पूंजिगत बजेट ४० लाख ७९ हजार रुपैयाँ रहेको छ । चालुगत खर्च अन्तरगत दुध तथा दुग्ध पदार्थ आत्मनिर्भरता कार्यक्रम, आहारा विकास कार्यक्रम, कर्मचारी तथा किसानहरुलाई क्षेत्रीयस्तरको तालिम, पंक्षी आहारा विकास कार्यक्रम, मासुमा आत्मनिर्भर कार्यक्रम लगायतका रहेका छन् ।

कार्यालयले युवा लक्षित र सहकारी अन्तरगत अनुदानका कार्यक्रमहरु राखेको छ । युवा लक्षितमा पशु उत्पादन अन्तरगत साना फर्म सञ्चालन, मझौला फर्म सुदृढिकरण र ठूला फर्ममा यान्त्रिकरण सहयोग गर्ने कार्यक्रम रहेका छ । दुधमा आत्म निर्भर कार्यक्रम अन्तरगत उन्नत गाईभैंसी श्रोत केन्द्र विकास गर्ने, श्रोत केन्द्रहरुमा काउम्याट तथा बायोग्यास वा सोलारमा ५० प्रतिशत अनुदान दिने कार्यक्रम रहेको छ । त्यस्तै व्यवसायीक बाखा प्रवर्द्धन कार्यक्रम अन्तरगत सहकार्यमा निजी व्यवसायीक बाखा फार्म स्थापना गर्ने रहेको छ ।

कार्यालयले जिल्लालाई मासुमा आत्मनिर्भर बनाउन बंगुर फार्म स्थापन, फरेज मिसन कार्यक्रम, हिउँदे र बहुबर्षे घाँस विकास कार्यक्रम र डाले घाँसको विरुवा वितरण गर्ने कार्यक्रम रहेको छ । कार्यलयले सामुहीक रुममा पनि बंगुर र कुखुरा पालन गर्न अनुदानको कार्यक्रम राखेको छ । जसमा आर्थिक वर्ष ०७१/०७२ मा संचालित कार्यक्रमलाई निरन्तरता दिन बंगुरको खोर, दाना र पाठापाठी खरिद गर्ने कार्यक्रम रहेको छ, त्यस्तै ०७२/०७३ मा सञ्चालित कार्यक्रमलाई निरन्तरता दिन बायोग्यास निर्माणमा ७० प्रतिशत अनुदान, बंगुरको दाना बनाउने मेशिन खरिद र बंगुरको खोर मर्मत, दाना र पाठापाठी खरिद गर्ने लगायतका अनुदानका कार्यक्रमहरु रहेको जिल्ला पशु सेवा कार्यालय रुपन्देहीका प्रमुख बरिष्ठ पशु चिकित्सक डा. गान्धीराज उपाध्यायले जानकारी दिए ।

# नोटाको हिफाजत गर्न ¥याली

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

नोट राष्ट्रको सम्पत्ति हो नोटको हिफाजत गरौं भन्दै नोटको हिफाजत सम्बन्धमा भैरहवामा प्रभातफेरी ¥याली निकालिएको छ ।

दशैंमा नयाँ नोटको प्रयोग बढी हुने र नोट पुजाआज गर्दा बिग्रिने हुँदा त्यसको जतनका साथ प्रयोग गर्न जनचेतना फैलाउन प्रभात फेरीको आयोजना गरिएको हो ।

प्रभातफेरीको आयोजना नेपाल राष्ट्र बैंक सिद्धार्थनगर शाखाले गरेको थियो । प्रभातफेरीमा भैरहवा रहेका बैंक, बित्तीय संस्था, मनी चेन्चर व्यवसाहीहरुको उपस्तिथि रहेको थियो । भैरहवाको देवकोटा चोकमा रहेको कार्यालयबाट शुरु भएको ¥याली बैंकरोड, मिलनचोक, आवारोड, हुँदै कार्यालयमा आएर कर्णसभामा परिणत भएको थियो । जनचेतना मूलक प्रभातफेरीमा मनि ब्याग वा पर्सको प्रयोग गरि नोटको जतन गर्ने बानी बसालौं, नोटलाई अविर, अक्षता, माटो, धमीरो, मुसा, आगो लगायतबाट जोगाऔं, पुजा आजा या अन्य कुनै काम गर्दा महिलो हातहरुले नोट नछोपौं जस्ता सन्देश मूलक ब्यानरहरु प्रयोग गरिएको थियो ।

¥यालीमा नोटको हिफाजत कसरी गर्ने, चाहीने भन्दा धेरै नोटको प्रयोग नगरी चेक र एटीएमको प्रयोग गर्न आग्रह गरिएको थियो । नेपाल राष्ट्र बैंक सिद्धार्थनगर शाखाले असोज १६ गते देखि आम उपभोक्ताहरुलाई नयाँ नोट बितरण शुरु गरेको छ । कार्यालयले ३ दिनमा सर्वसाधारण, बैंक, बित्तीय संस्थाहरुलाई गरि करिव ४१ करोड नँया नोट बितरण गरेको कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले जानकारी दिए ।

## दशैं ...

मनाउने गरिन्छ । विजयदशमीको दिन आफू भन्दा ठूलो मान्यजनको हातबाट टीका ग्रहण गरिन्छ । मान्यजनहरूले आफू भन्दा सानालाई आशिष र मन्त्रोच्चरण गरी टीका लगाइदिन्छन्, भने टीका थाप्ने व्यक्तिले आफ्नो मान्यजनप्रति हार्दिक श्रद्धाभाव एवम् आदर प्रकट गरी आशीर्वाद प्रकट गर्दछन् । कसैले दशमीको दिनदेखि कोजाग्रत पूर्णिमाको दिनसम्म पनि टिका लगाउने गर्दछन् । यसरी दशैं टीका तथा आशीर्वाद ग्रहण, आदर तथा श्रद्धाभाव प्रकट जस्ता कार्यले आपसी मेलमिलापको वातावरण निर्माण हुन्छ । कोजाग्रत पूर्णिको दिनमा बाँकी रहेको टीका, जमरा तथा जमरा राखको टपरी नजिकैको नदी, खोला, तथा पोखरीमा लगेर बिर्सजन पूजा गरेपछि दशैं समाप्त हुन्छ ।

दशैंको समयमा मानिसहरूले आफ्नो टोल टोल र गाउँ गाउँमा पिङ हाल्ने गर्दछन् । केटाकेटी, युवायुवती मात्र नभई बुढाबुढीहरू पनि रमाई पिङ खेल्ने गर्दछन् । दशैंमा केटाकेटीहरू राम्रा राम्रा कपडा लगाई खुब रमाउने गर्दछन् । केटाकेटीहरूले आफूले लगाएको कपडा र आफ्नो घरमा हालेको पिङ राम्रो अनि आफ्नो घरको खसी ठूलो भनी साथीहरूसँग रमाई रमाई कुरा गर्ने गर्दछन् । केटाकेटीहरू मात्र नभई युवायुवती, वयस्क तथा बृद्ध बृद्धाहरू पनि वर्षभरिका पिर, व्यथालाई बिर्सेर सबैले आपसमा खुशीले बास गरेको हुन्छ । दशैं नेपालीहरूको हर्ष, उमङ्ग र उत्साहको पर्व हो ।

आफ्नो गाउँ घर छाडेर सहर तथा देश नै छाडेर विदेश गएकाहरू पनि दशैंमा घर फर्कन्छन् । आफ्नै पेसा र व्यावसाय गरेर बसेकाहरू पनि दशैंमा आफ्नो काम बोझबाट मुक्त हुने गर्दछन् । वर्षभरि परिवारबाट छुट्टिएर बस्न बाध्य भएका सदस्यहरू जम्मा भई खुशी साटासाट गर्ने गर्दछन् । दशैंको समयमा गाउँ छाडेर सहर तथा देश छाडेर विदेश गएकाहरूको बाटो पर्खेर परिवारका सदस्यहरू बसिरहेका हुन्छन् । केटाकेटीहरू पनि टाढा टाढाबाट आएका आफन्तहरूले ल्याइदिएका मिठा मिठा खानेकुरा र राम्रा राम्रा कपडा अनि खेलौना पाएर खुशी हुन्छन् ।

घर छाडेर बाहिर गएकाहरू पनि कति बेला घर पुगौंला र परिवारसँग खुशी साटौंला भनेर घर पुग्न हतार गरिरहेका हुन्छन् । गरीब र दु:खीहरूका चुलामा पनि मिठो मसिनो खानेकुरा पाक्छन्, दुई छाक पेटभरि खान नपाउनेहरू पनि दशैंमा मिठो मिठो खानेकुराको स्वाद चाख्छन्, वर्षमा एकसरो कपडा लगाउन पनि धौधौ पर्नेहरू पनि दशैंमा राम्रो लगाउँछन् ।

दशैं सांस्कृतिक, धार्मिक, मेलमिलापका दृष्टिले महत्वपूर्ण पर्व हो । यसले सबै धर्म र जातिका नेपालीहरूलाई एकताको सूत्रमा बाँधेको छ । विभिन्न कारणले आपसमा मानिसहरू एक आपसमा सुख, शान्ति र समृद्धिको कामना गरी शुभकामना आदानप्रदान गर्दछन् । वर्षभरिमा भेटघाट नभएकाहरू दशैंको अवसरमा भेटघाट गरी रमाइलो गर्दछन् ।

दशैंमा प्रशस्त धन हुनेले धेरै खर्च गर्दछन् । आफूसँग धेरै धन नहुनेहरू पनि अर्का देखासिकी गरेर फजुल खर्च गर्ने प्रवृत्ति हाम्रो समाजमा विद्यमान रहेको पाइन्छ । आफूसँग धन सम्पत्ति नहुनेहरूले अरूसँग ऋण गरेर खर्च गर्ने प्रवृत्तिले संस्कृतिको आडमा विकृति फैलिएको छ । यसो हुन जाँदा दशैं कतिका लागि दशा पनि बन्न जान्छ । दशैं हाम्रो संस्कृति हो । संस्कृति मनाउने क्रममा आफ्नो सामर्थ्यलाई ख्याल गर्नुपर्दछ । जुवातास खेल्ने, जाँडरक्सी खाने, होहल्ला गर्ने, आपसमा झगडा गर्ने, फजुल खर्च गर्ने जस्ता कार्य आफू पनि नगर्ने र अरूलाई पनि नगर्न सल्लाह दिने गर्नुपर्दछ । साथीभाईसँगको भेटघाट, टीका, जमरा र आशीर्वाद ग्रहण, पिङ खेल्ने लगायतका कार्य गरी आफ्नो गच्छे अनुसार मनाएर संस्कृतिको संरक्षण गर्न सक्नुपर्दछ ।

श्री एभरेष्ट फाईनान्स लिमिटेड
सिद्धार्थनगर, रूपन्देहीको

## १४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

*आदरणीय शेयरधनी महानुभावहरू,*

एभरेष्ट फाइनान्स लिमिटेड मिति २०७३ भाद्र ३१ गते सम्पन्न सञ्चालक समितिको २७५ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको १४ औं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उक्त सभामा उपस्थितिकालागि हार्दिक अनुरोध छ ।

साथै, वार्षिक प्रतिवेदन शेयरधनीको उपलब्ध ठेगानामा पठाइएको छ । यदि उक्त प्रतिवेदन प्राप्त नभए, यसै सूचनालाई आधार मानि सभामा उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

***सभा हुने मिति,स्थान र समय:***
**मिति:** २०७३ आश्विन २१ गते (तद्नुसार ०७ अक्टुबर, २०१६) शुक्रबार ।
**स्थान:** बोधी रेडसन होटल, वसन्तपुर रूपन्देही
**समय:** साँझ ५:०० बजे ।

*साधारण सभा सम्बन्धि विस्तृत विवरण २०७३ आश्विन १ गतेको अन्नपूर्ण पोष्ट तथा २०७३ आश्विन १६ गतेको कारोवार पत्रिकामा प्रकाशित गरिएको छ ।*







## भर्ना सम्बन्धी सूचना

स्वदेशमै वसी एउटै छानामुनि मेडिकल अन्तर्गतका सवै विषयहरु अध्ययन गर्न सकिने

**IOM/TU बाट सम्बन्धन प्राप्त यस मेडिकल कलेजमा**
**+2 विज्ञान वा CMLT, Diploma in Pharmacy, PCL Nursing उत्तीर्ण विद्यार्थीहरूलाई**

त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगंज्ज, काठमाण्डौबाट सम्बन्धन प्राप्त त्रि.वि.को सवैभन्दा पुरानो मेडिकल कलेज युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज, भैरहवामा B.Sc. Nursing, BNS, B. Pharma, B.Sc. MLT., BPH तथा B.Sc. MIT अध्ययन गर्न इच्छुक विद्यार्थीहरुलाई फारम वितरण भैरहेको छ ।

- त्रि.वि. बाट सञ्चालित प्रवेशिका परिक्षा (Entrance) मा अनिवार्य उत्तीर्ण हुनुपर्ने ।
- BNS अध्ययन गर्नको लागि १ वर्षको अनुभव मान्य हुने ।
- MBBS र BDS को प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीहरुले B.Sc. Nursing, B. Pharma., B.Sc. MLT, BPH / B.Sc. MIT विषय पनि अध्ययन गर्न पाउनेछ ।
- भर्ना मेरिट लिस्टको आधारमा हुनेछ ।

थप जानकारीको लागि

**युनिभर्सल कलेज अफ मेडिकल साईन्सेज, शिक्षण अस्पताल**
(ISO ९००१ : २००८ प्रमाणित संस्था) रानीगाँउ, भैरहवा, रुपन्देही, नेपाल
फोन नं. ०७१-५०६०३०, ५०६०५२, ५०६०९२, ५०६०१३८, ५०६१२१,मो नं. ९८०४४२८१६०
Email: daucms@wlink.com.np, capucms@wlink.com.np, ucmscampus@wlink.com.np
Website: www.ucms.com.np Kathmandu Office: Ganeshthan, Kamaladi, Kathmandu फोन नं. ०१-४२४०३८४






## नोट सफा राखौं

नेपाल राष्ट्र बैंक सिद्धार्थनगर शाखाले आयोजना गरेको नोटको हिफाजत सम्बन्धको प्रभातफेरि कार्यक्रममा भैरहवास्थित एक बैंकका सहभागीहरु ।



# 'मर्जर पछि राष्ट्रिस्तरको फाइनान्स बन्छ'



**खिमबहादुर कार्की**
प्रमुख कार्यकारी अधिकृत (एभरेष्ट फाइनान्स लि.)

*रूपन्देही सदरमुकाम सिद्धार्थनगरमा केन्द्रिय कार्यालय स्थापना गरी २०५८ असार १८ गते क्षेत्रीयस्तरको बित्तीय संस्थाका रूपमा एभरेष्ट फाइनान्स लिमिटेडको स्थापना भएको हो । रूपन्देहीका साथै कपिलवस्तु र नवलपरासी गरी ३ जिल्ला कार्य क्षेत्ररहेको फाइनान्स छिट्टै श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेडसंग मर्जर भै एकीकृत रूपमा कारोबार सुरू गर्दैछ । राष्ट्र बैंकको स्विकृति पछि मर्जरको सबै प्रकृया पुरा भइसकेको र अब असोज २१ गते शुक्रबार भैरहवामा हुने १४ औं वार्षिक साधारण सभाले मर्जर प्रस्ताब पारित गरेपछि एकीकृत कारोबारको बाटो खुल्ने फाइनान्सका प्रमुख कार्यकारी अधिकृत खिम बहादुर कार्कीले बताए । फाइनान्सको मर्जर पछिको बित्तीय अवस्था लगायतका विषयमा* ***न्यूज ओके****ले गरेको कुराकानीको सम्पादित अंश :*

**एभरेष्ट फाइनान्सलाई मर्ज गर्नु पर्ने आवश्यकता किन आयो ?**

नियामक निकाय, नेपाल राष्ट्र बैंकबाट आउँदो २०७४ आषाढ भित्र ४ गुणा पूँजी बृद्धि गर्नु पर्ने बाध्यकारी नियम जारी भयो । जसको कारण एभरेष्ट आफैले पूँजी पुर्‍याउन सम्भव नदेखिएकाले राष्ट्रिय स्तरको वित्तीय संस्थासँग मर्ज गर्न लागेका हौं । अहिले मर्जरको अन्तिम अबस्थामा छौं ।

**मर्जर पछि एभरेष्टको अवस्था के रहन्छ ?**

दुवै संस्था मर्ज भए पछि श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेडको नामम एकीकृत कारोबार हुने गरी सहमति भएको छ । साधारण सभा तथा नेपाल राष्ट्र बैंकको स्वीकृति पश्चात् सोही नामबाट कारोबार हुनेछ । असोज २१ को साधारण सभाले मर्जरको प्रस्ताब पारित गर्नेमा विश्वस्त छौं ।

**मर्जर पछि संस्थाको वित्तीय अवस्था कस्तो हुन्छ ?**

दुवै कम्पनीको मर्ज पश्चात् कम्पनी राष्ट्रिय स्तरको फाइनान्स कम्पनी बन्ने छ । जसको चुक्ता पूँजी ४० करोड, निक्षेप २ अर्ब ७५ करोड तथा कर्जा लगानी २ अर्ब ५० करोड, शाखा तथा विस्तारीत शाखा सख्या ८ वटा पुग्ने छ ।

**मर्जर पछि फाइनान्सको भविष्यको लक्ष्य के हुनेछ ?**

२०७४ आषाढ भित्र राष्ट्रिय स्तरको फाइनान्स कम्पनीको चुक्ता पूँजी ८० करोड पुर्‍याउनु पर्ने छ । जसका लागि हकप्रद निष्कासनको कार्य अगाडि बढाउने लक्ष्य रहेको छ । साथै, कारोबार बृद्धिका लागि देशका प्रमुख शहरहरूमा शाखा विस्तार गरिने छ । एभरेष्ट फाइनान्सको सिद्धार्थनगरस्थित प्रधान कार्यालय क्षेत्रीय कार्यालयमा परिणत हुनेछ ।

**पछिल्लो समयमा रूपन्देहीमा बैक, फाइनान्स तथा वित्तीय संस्थाहरुमा आकर्षण बढ्दै जानुको कारण ?**

गत वर्षको राजनैतिक परीदृश्य जे देखियो, त्यसको कारणले पनि रूपन्देही बैंक तथा वित्तीय संस्थाहरूको लागि हब बन्दै गइरहेको छ । देशकै मध्य क्षेत्रमा अवस्थित यस क्षेत्रमा उद्योगधन्दाहरू बढ्दै गइरहेको कारणले तथा अन्य जिल्लाको तुलनामा शान्त तथा विकासशिल रहेको छ । अन्तर्राष्ट्रिय विमान स्थलको निर्माण, बाटो घाटोको विस्तारले भविष्यमा व्यापार बृद्धि हुने देखिएकाले रूपन्देहीमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति दिनदिनै बढ्दै गइरहेको मैले पाएको छु ।

**पछिल्लो समय वित्तीय अपराध पनि बढिरहेको छ नी ?**

बैकिङ्ग क्षेत्रमा प्रविधिको विकाससँगै अपराध बढिरहेको विषय सत्य र सोचनीय रहेको छ । अपराध बढ्यो भन्दैमा प्रविधिको प्रयोगबाट पछि हट्नु पनि हुँदैन । चुनौतीहरूको सामना गर्दै अघि बढ्नुपर्छ ।अपराध गर्नेलाई कडा भन्दा कडा सजाँय दिइयो भने भविष्यमा अरू पनि त्यस्तो कामबाट निरूत्साहित हुनेछन् जस्तो मलाई लाग्छ ।

# इन्नोभेटिभको २३ प्रतिशत बोनश शेयर प्रस्ताव

*न्यूज ओके रिपोर्टर*
भैरहवा ।

ईन्नोभेटिभ डेभलपमेन्ट बैंक लिमिटेडले आफ्ना शेयर धनीहरुलाई गत आर्थिक वर्ष २०७२/७३ को नाफाबाट आफ्ना २३ प्रतिशत बोनश शेयर बितरण गर्ने प्रस्ताव पारीत गरेको छ ।

बैंकको गत शुक्रबार बसेको संचालक समितिले उक्त बोनश शेयर बितरण गर्ने प्रस्ताव पारीत गर्दै अन्तिम स्वीकृतका लागि नेपाल राष्ट्र बैंकमा पठाएको छ ।

बैंकले चुक्ता पूंजी २९ करोड ५ लाखको २१.७५ प्रतिशतले हुने रु ६ करोड ३१ लख ८३ हजार ७ सय ५० रुपैयाँ बराबरको बोनश शेयर तथा १.१४ प्रतिशतले हुने ३३ लाख २५ हजार ४ सय ६० रुपैयाँ त्रिपन्न पैसा बराबरको नगद लाभांश (कर प्रयोजनको लागि) वितरण गर्ने प्रस्ताव नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतिको लागि पेश गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत प्रविण दाहालले बताए । बोनश वितरण पश्चात बैंकको चुक्ता पूँजी ३५ करोड ३६ लाख ८३ हजार ७ सय पचास पुग्ने छ ।

# संस्कारको अध्यक्षमा त्रिपाठी

*न्यूज ओके रिपोर्टर*
भैरहवा ।

संस्कार बचत तथा ऋण सहकारी संस्था लि. सिद्धार्थनगरको छैठौं वार्षिक साधारण तथा तेस्रो अधिवेशनले सुरेन्द्र कुमार त्रिपाठीको अध्यक्षतामा सात सदस्यिय कार्य समिति निर्बिरोध चयन गरेको छ । जसको उपाध्यक्षमा नारायण शर्मा, सचिव हरि प्रसाद आर्चाय, कोषाध्यक्ष मन्जु श्रेष्ठ र सदस्यहरुमा माया ज्ञवाली, बासु बडाल र दिलिप कुमार बस्याललाई निर्विरोध रुपमा चयन गरेको छ ।

यसैगरी लेखा समितिको संयोजकमा कृष्ण प्रसाद भट्टराई, सदस्य कमल ज्ञवाली र प्रविण कुमार हलुवाई चयन भएको निर्वाचन अधिकृत जिवन पन्थीले बताए । संस्थाले चालु आ.व.मा कर्जा लगानी बांकी रकम २ करोड ६० लाख, बचत रु १ करोड ७५ लाख र शेयर पूँजी वृद्धि गरी रु १ करोड पुचाउने लक्ष्य राखेको संस्थाका संस्थापक अध्यक्ष मधुसुदन पोखेलले जानकारी दिए । सहकारीलाई अंगालौ, सँगै प्रगती गरौं भन्नेलक्ष्य सहीत २०६७ चैत्र २९ गते बाट कारोबार सुरु गरेको हो ।





















## Vijaya Dashami

# The largest and longest festival of Nepal

Dashain, also known as Bada Dashain or Vijaya Dashami is the largest and longest festival in Nepal, which is celebrated by the Hindus of Nepal or Nepalese origin all over the world. The Dashain festival lasts for full fifteen days, starting in the day of Ghatasthapana (day 1), and ends in the day of Kojagrat Purnima (day 15). The important ones being the first, seventh (Saptami), eighth (Maha Ashtami), ninth (maha nawami), tenth (Vijaya Dashami) and the fifteenth (Kojagrat Purnima), the tenth day is the most important among all, having the special value and actual meaning for the word 'Dashain'.

The Dashain festival lies in the month of Ashoj or Kartik (usually October). This festival is for the celebration of the victory of the Gods over the wicked Demons. The scriptures mention the example of lord Ram winning over Ravan and killing him, and Goddess Durga winning over the demon Mahisasur. Whatever the stories be, they symbolize the win of good over evil, and give the moral pressure for the people to be good, and that they will be destroyed in the same way as the demons, when they do or try to do the evil deeds. The first nine days of Dashain signify the rigorous battle between the avatars of Goddess Durga, and the Demons, the main of whom was the Mahisasur. The tenth day signify his destruction by killing, and the rest five days are for the celebration of that achievement.

Dashain has the longest public holiday among all festivals in Nepal. All government offices, educational institutions and other offices remain closed during the festival period. This is the festival for all groups and classes of people. In this festival, people especially like to



have fiestas, enjoy delicious meals, buy new clothes and decorate their houses. The arrival of Dashan is a golden time for the Businessmen. People also fly the kites, which resemble the freedom, along with the end of the nearly three months long monsoon. Flying kites has been a very important part of celebrating Dashain in the country as it is considered to be one way of reminding god not to send rain anymore. Many of the people also enjoy the long holiday by playing cards, and playing in a horizontal swing, which is usually tied in the branch of a tree. People sacrifice a lot of animals in this festival, most of which are the goats, sheep, chicken or buffaloes. The trend of sacrificing animals however, is changing towards fruits and vegetables, as the animals slaughter is nowhere mentioned in the Hindu scriptures and the animal right activists strongly condemn it.

***Day 1 (Ghatasthapana)***

Ghatasthapana is the first day of Bada Dashain. In this day, a male family member plant the jamara in moist sand using barley seeds especially corn seeds. Traditionally as per the rituals outsiders are not allowed to enter or see the place where it is planted. By the tenth day of the festival, the seed will have grown to yellow grass, which is used with tika to bless people with lots of prosperity and happiness

***Day 7 (Fulpati)***

The special essence of festival gets from this day. On this auspicious day, a military parade is organized at Hanuman Dhoka. The Nepal Army, Nepal Police, Civil Service, Band Music and Panchebaja also join the fulpati parade. People clean their houses and decorate their houses with flowers.

***Day 8 (Maha Ashtami)***

The festive will be continued as Maha Ashtami. Thousands of goats, sheep, buffaloes, ducks and hens are sacrificed in Goddess Temple almost from every home. In Newar Community, Kuchi Bhoe is prepared in which ritually people should eat two pathi of beaten rice including various types of dishes in a banana leaf.

***Day 9 (Maha Nawami)***

The ninth day of the festival is known as Maha Nawami. Once in a year this day, the Taleju Temple gates of basantapur are opened for the general public. Thousands of devotees go and pay respect to the goddess all along the day. This day is also known as Viswakarma day. All the factories, machines including vehicles like motorbikes, cycles, cars and other household things like hammer, books, pens and pencils, etc are worshipped.

***Day 10 (Tika / Vijaya Dashami)***

The tenth day of festival is known as Vijaya Dashami or "Tika". On this auspisous day, tika and jamara (which is sewn in the ghatasthapana) are taken from elders and blessing is received including "Dakshin" (Money). This function continues for four days till the full moon during that period, family and relatives who are apart attend to meet each other and take blessings from the elders. This is the day that helps to keep special bonding between families and relatives so it is celebrated intellectually in the society.

# "Dashain-Food for thought !"



**Sanjay KC**

***The rice that we waste during Dashain as part of our culture by putting on our foreheads is just one side of the story while in another side of the story, even more food is wasted in the Kitchen in the name of feasting and festive celebrations throughout the week.***

As we bid goodbye to a long summer and get set to welcome autumn, we realize that the festival of Dashain is knocking right at our doors this year too and Deepawali is also right around the corner. Dashain is the longest and the most auspicious festival in the Nepalese annual calendar falling on the month of September or October, celebrated by Nepalese people throughout the globe with galore of delight and enthusiasm. The tenth day of the festival is the 'Dashami'. On this day, a mixture of rice, yoghurt and vermillion is prepared which is known as "Tika". Elders put this tika on the forehead of younger relatives to bless them with abundance in the upcoming years.

In the context of Dashain when we are busy with our families and friends feasting and having fun, let us also have a look at the FAO reports 2015, according to which about 795 million people in the world do not eat enough to be healthy. That means that almost one in every eight people on Earth goes to bed hungry each night. In the developing world, one child in four is stunted, meaning that their physical and mental growth is impaired because of inadequate nutrition. That is why, I am quite skeptical of the way we celebrate Dashain by putting rice tika on our foreheads in this country where millions have no alternative but to sleep with an empty stomach. The practice of putting rice tika on forehead during Dashain may have had more significance in the past as the time in which the festival falls marked the ending of harvesting season in Nepal. As most people were dependent on Agriculture in the past, rice production was also abundant in most parts of Nepal. However the point to note is that, we had plentiful rice in the past but today in this age of food crisis we might be wasting a lot of food in the name of tradition. I guess, in this country where roughly 80% are Hindus, not less than 10 million people waste almost a handful of rice each by putting on their forehead when people in most parts of this country don't have rice to put in their stomach. As I recall back the moments from the past years I remember that in my house and in all the houses that I visited I could see rice spread on the floor all over the house and this thought immediately struck my mind that this must be the same scene in almost every house of Nepal. I quickly did some Math and the rough figure that I came up with was alarming. We are indeed wasting a lot of rice even if it is just on one single day in a year.

The rice that we waste during Dashain as part of our culture by putting on our foreheads is just one side of the story while in another side of the story, even more food is wasted in the Kitchen in the name of feasting and festive celebrations throughout the week. We take great pleasure in welcoming our guests with plates full of meat, rice and other delicacies and not surprisingly most of the food we serve in the plates end up in the trash bin. I visited a friend for lunch last Dashain and he was talking about this tradition in his family in which they consider it an insult if the guest doesn't leave a little bit of food in his plate at the end of meal. He said that in such a situation, it is considered as if the guest didn't like the food much and did not ask for enough or the hosts didn't serve enough food for the guest. So the host would force to serve the guest more than what they can eat. Apparently, I put forward my point taking excuse from their family practice so I didn't throw any food though but I had a tough time stopping them from piling up more food than I could eat on my plate. Figures show that Urban kitchens in Nepal dispose 512,000 tons of food that is considered edible, as waste every year while point to note is that a man requires around a kilogram of food–including lentils, rice, meat, milk and other items—on an average every day. The amount of food wastage sky rockets specially during festivals like Dashain when the whole country is busy feasting.

Since the world population is shooting up the graph at an alarming rate and we have even more stomachs to feed every passing second so every single rice grain wasted by putting on our foreheads or by throwing away in the kitchen trash is really not worth it. We should give a second thought on the way we celebrate our festivals either it is Dashain, Eid or Christmas. We could still celebrate Dashain with equal enthusiasm using just red vermillion tika without the rice. We could be more cautious in the dining table by serving in our plates just as much as we can eat. We should stop forcing food on people's plates to the extent that they have to loosen their belts and open up their pant buttons! We might have been lucky to be born in the part of the world where we don't have to worry about our food now but we should think about the 795 million people in the world who are not as lucky as us. Going by this same trend, sooner or later we are also going to be affected with this global problem of food crisis so better be aware and play our part before the problem enters our kitchens as well.

# Dashain Festival and Health

First part of this is worship. Dashain is biggest festival as per its duration, people involvement and faith, of Hindu mythology. This is the festival of Goddess Durga worship, get together of the relatives and food festival. When we worship The Goddess we get inner energy which increases our vitality.

Second part of this festival is get together. Peoples where ever they are working, reading or moving around are interested to come to home me many things are compromised like water may be inadequate, toilets may be dirty, rooms may be ill ventilated and there is high chances of fall injuries and road traffic accidents.

Third part of Dashain is food ingestion. Not only have the wealthy people, even the poor people collect foods as much as they can. This is for the family and the relatives and guests as well. They make porridge out of rice or wheat flour. Most important food in the Dashain for non-vegetarians is meat. Many Hindu families sacrifice goats, chicken, buffalo etc to Goddess at home or in temples. These foods are kept for many days so there is chances of acquiring many diseases.

Common diseases which may be transmitted in crowds and meat are common colds, other respiratory tract infections, diarrheal diseases, enteric fever, jaundice, tuberculosis and trauma. Diseases caused by meat are, diarrheal diseases, enteric fever, taenia infections (esp. by pork, buffs), brucellosis etc. Meat kept in ordinary fridge for more than 3 days may be not fit to eat.

***How to protect our health in such situation ?***

1. Safe travel is mandatory. Don't travel in standing position and in roof of the bus. This increases the chance of trauma or bus accidents. Take special precautions if yiu are travelling in night or for many days. You feel sleepy which increases the chances of trauma.

2. Don't ride more than two persons in one bike. Always use helmets preferably both passengers. Don't drive when you have taken even very small amount of alcohol and ganja etc.

3. If you have common colds, cough and other respiratory diseases use face mask and don't go to the crowd. This may decrease the transmission to other healthy personnel. Likewise jaundice is transmitted by foods, water and toilets. So clean thoroughly after using the toilets.

4. Frequent hand washing is important act of prevention of disease transmission.

5. Foods in the roadside thela etc. Such foods transmit the diseases so must be abandoned.

6. Foods stored in room temperature must not take after 12 hours. Foods must be covered when not in use. If those are kept in deep fridge use for 3 days. But the load shading is troublesome to keep constant low temperature. Foods with change of color and foul smell must be discarded. Never eat such foods.

7. Meat must be kept in deep fridge for 24 hours, and then only it is able to eat. Cook the meat evenly and up to optimum temperature and period. Don't take half cooked meat or food.

8. Wash the vegetables thoroughly with water. Soak in the water at least for 1 hour before cooking.

Enjoy the festival – Do not destroy it. Just take simple precautions to make our Dashain a great festival.



**Prof. Dr. Manohar Prasad Joshi**
***MD, Family Physician***

## Number of people leaving for Dashain increases

*Kathmandu.*

Many people belonging to different parts of the country are leaving the Kathmandu Valley to celebrate the Dashain festival.

Around 80,000 to 90,000 people leave the Valley on a daily basis, informed the Metropolitan Traffic Police Headquarters. Assistant Spokesperson Rajendra Bhatta said 89,659 people had left the Valley in 8,814 vehicles in the last 24 hours.

Bhatta said, to avoid passengers from being swindled, personnel from the Transportation Management Division and the Metropolitan Traffic Headquarters have launched regular inspections. At least 12 help desks have been set up around the Valley to help passengers travelling to their hometowns.

## Application for DV lottery opens

*Kathmandu.*

The US Embassy in Nepal on Tuesday announced the opening of registration of online application for the 2018 Diversity Visa (DV) lottery programme from yesterday ) October 4.

The DV programme will open at 9:45 pm on October 4 and close at 10:45 pm on November 7. Meanwhile, the US Embassy has strongly advised the applicants not to consult untrusted contacts regarding their application. While applying, if a candidate is married, he/she needs to list his/her spouse and unmarried children; and if unmarried, he/she needs to list all of his/her family members.

Otherwise, their applications would be invalid. If a candidate applies more than one application, it would also result in his/her disqualification.

## Trishuli Car accident

# An unacceptable and unforgettable loss of my guardians.



**Naresh Gyawali**

***My father kissed the heaven in 2052 when I was 15 years young, since then he took the responsibility to nurture me, educate me, and make me what I am today. Without him, I cannot imagine at this time where I would be. He played a guardian's role to me and my family***

"Vanja, how are you all there? We (Madhav mama, Prakash mama, Hajurama, Narayan buwa) are at Jomsom on the way back from our visit to Muktinath Temple. I will call you when we reach to Kathmandu". These were the last words from my maternal uncle Mohan Ghimire when I called him from Toronto, Canada on Thursday evening on 22nd September. I was waiting for his call and, in fact, I am still waiting for his call. However, when I woke up on Sunday morning on 25 September and started to surf the Facebook, I was shocked, devastated, and, in a moment, could not feel the sense in my body. I wished if I was in a dream reading the news. And my wish never came true, the cruel waves of Trishuli River collapsed my wish and embraced the most important person of my life in depth of her Holy water with the Holy Prasad from the Holy Temple Muktinath before we could even have that fortune moment to taste it.

My father kissed the heaven in 2052 when I was 15 years young, since then he took the responsibility to nurture me, educate me, and make me what I am today. Without him, I cannot imagine at this time where I would be. He played a guardian's role to me and my family and, all of a sudden, now, he left us to swim in the ocean of tears with no one to turn if we experience any challenges ahead. My wish to invite him to visit Canada and show him the country where I am living because of his sacrifice remained unfulfilled.

All those blissful moments with hajurama, Prakash mama, Madhav mama and Mohan mama and family when I visited Nepal in Dashain 2073 have now turned to a memoire only. I remember how hajurama was happy playing cards with us, the roof-top local barbeque with Prakash mama's family and Mohan mama's family, an inspirative interaction with Madhav mama and family about the Canadian life, the Dashain tika with Mohan mama.

My trio uncles were not only an inspiration for our lives but also contributors in Nepal's political and cultural life. Nepal got new federal democratic constitution because of successful the election when Madhav uncle was nation's Home Minister. Prakash uncle contributed his valuable time for the progress of National sports council of Nepal. Mohan uncle was a very honest and hardworking employee of Nepal Telecom and served the nation for long. They are pride of nation and pride of Palpa district.

Knowing the fact that every creation has an end, every birth has to die, death is an inevitable to all, I still am not able to accept their absence on this earth. I feel as if Mohan uncle will pick up my phone say "Vanja aramai hunuhunchha?" when I call him today too. I feel as if I will get to play cards with Hajurama, crack jokes, laugh with Madhav uncle and Prakash uncle in my next visit to Nepal. I want all of you to be there in your homes when I visit Nepal next time and I will be waiting for all of you to return home one day no matter what the world says and I will just be waiting for you all till my last breathe.

*(Toronto, Canada)*

बर्गीकृत विज्ञापन

Classified Display

आकर्षक जग्गा विक्रीमा

गौतमबुद्ध विमानस्थल अगाडि सडकबाट उत्तरतर्फ आकर्षक जग्गा विक्रीमा । १ सय १० फिट सडक मोहडा भएको ५ कठ्ठा १० धुर जग्गा विक्रीमा छ ।

होटल, व्यवसायिक भवनका लागि बहुउपयोगी जग्गा




सिधा सम्पर्क नं. : ९८५७०२२३५५

Double Ray Engineering And Multi Services

DREAMS

IT Consultancy Software Website Network Security Intercom GPS Tracking

Milan Chowk, Siddharthanagar, Bhairahawa

T: +977 71 522042, 9815444817 | E: info@dreams.com.np | W: dreams.com.np

Sales :: Service :: Support

# "सुब्बा साबलाई दर्शकले मन पराउनुहुन्छ"



*एउटा सरकारी कर्मचारी सुब्बाको कथावस्तुलाई आधार मानेर निर्माण सम्पन्न भएको नेपाली चलचित्र 'सुब्बा साब' नेपालीहरूको महानपर्ब दशैंको मौका छोपेर फुलपातीको अघिल्लो दिन (असोज २१) देखि देशैभर सार्वजनिक प्रदर्शनी हुँदैछ । रूपन्देहीको भैरहवा, बुटवल लगायतका धेरै स्थानमा सुटिङ्ग भएको यो चलचित्र यहाँका स्थानीय युवाहरू राम बहादुर कोइरी, जीवन अर्याल, रामु अधिकारी, कुलचन्द्र पाण्डे रहेका छन् । राजु अधिकारीको निर्देशनमा बनेको चलचित्रमा कथा एवं संगित हिरामणि न्यौपानेको रहेको छ । चलचित्रको बारेमा प्रमुख निर्माताका रूपमा रहेका भैरहवाका युवा व्यवसायी राम बहादुर कोइरीसँग सुब्बा साब चलचित्रको बारेमा **न्यूज ओके**ले गरेको कुराकानीको सार संक्षेप प्रस्तुत गरिएको छ ।*

**राम बहादुर कोइरी**
निर्माता (सुब्बा साब नेपाली चलचित्र)

**चलचित्र के कस्तो कथावस्तुमा आधारित छ ?**

सुब्बासाब चलचित्र नितान्त एक पारिवारीक फिल्म हो । एउटा सरकारी कर्मचारी सुब्बा साबको जीवनीमा आधारीत छ । सुब्बासाबले के कस्तो जागिरमा छदाँ र रिटायर भै सकेपछि के कस्तो पारिवारीक दुख, समस्या झेल्न बाध्य छन्, त्यसलाई निकै राम्ररी चलचित्रमा उतारिएको छ ।

**दशैंको समय नै किन रोज्नु भयो प्रदर्शनका लागि ?**

हामीहरू नेपाली जनतालाई एउटा राम्रो उपहार चलचित्रका रूपमा दिन चाहन्थ्यौं । दशैं सबैभन्दा राम्रो उपयुक्त समय लाग्यो र यही समयमा प्रदर्शन गर्ने निर्णय गरेका हौं । पारिवारीक फिल्म भएकोले दशैंको समयमा सबैले हेर्नु हुन्छ भन्ने हामीले अपेक्षा गरेका छौं । बिदाको लामो समय पनि भएकाले दर्शकहरूले समेत सजिलो हुने भएकाले प्रदर्शन हुन लागेको हो । दशैंपछि पनि निरन्तर चल्छ ।

**कहाँ–कहाँ प्रदर्शन हुँदैछ ?**

सुब्बा साब देशैंभर एकसाथ प्रदर्शन हुँदैछ । भैरहवा, बुटवल काठमाण्डौ, पोखरा, नारायणगढ लगायत धेरै स्थानका फिल्महलमा यो चलचित्र प्रदर्शन हुँदैछ । साथै हामी हरूले छिटै बेल्जियमका साथै युरोपका विभिन्न देश, दुबई, कतार, मलेशिया लगायतका स्थानमा रहेका नेपालीहरूका लागि पनि यो चलचित्र देखाउन छिटै जादैछौं ।

**व्यापार कस्तो गर्ला ? अर्को चलचित्र पनि एकै दिन आउँदैछ ?**

हो पक्कै पनि चलचित्र बनिसकेपछि कस्तो व्यापार गर्ला भन्ने मुख्य कुरा हो । प्रदर्शन गर्ने दिन जुराउनै पर्ने गाह्रो हुन्छ र हल पनि पाउन गाह्रो हुन्छ ।यस्तो अवस्थामा पनि हामीहरू सुब्बासाब लिएर दर्शक माझ आएका छौं । अर्को चलचित्र पनि त्यही दिन आउँदैछ ।

> **हामीहरू नेपाली जनतालाई एउटा राम्रो उपहार चलचित्रका रूपमा दिन चाहन्थ्यौं । दशैं सबैभन्दा राम्रो उपयुक्त समय लाग्यो र यही समयमा प्रदर्शन गर्ने निर्णय गरेका हौं ।**

तर हामीहरूको चलचित्रको कथावस्तु भिन्नै छ र चलचित्रको नाम पनि नेपाली जनमानसको जिब्रोमा झुन्डिएको रहेको छ । साथैमा यसमा अभिनय गर्ने कलाकाहरू सरोज खनाल, गौरी मल्ल जस्ता पुराना पाका कलाकारहरू हुनुहुन्छ । गीत ,संगित अभिनय सबैमा चलचित्र उत्कृष्ट बनेकाले राम्रो व्यापारे गर्छ भन्ने हाम्रो धारणा छ ।

**अन्तमा दर्शकहरूलाई निर्माताको तर्फबाट के भन्न चाहनुहुन्छ ?**

विजयादशमीको शुभकामना सहित दशैंको समयमा तपाईहरूलाई उपहार स्वरूप सुब्बासाब चलचित्र लिएर आएका छौं । तपाईहरूलाई पाएक पर्ने नजिकको फिल्म हलमा गएर चलचित्र हेरी दिनु होला । सुब्बासाबलाई माया गर्नु होला भन्न चाहन्छु ।

# दशैंमा डिजे तामालाई भ्याई नभ्याई

*न्यूज ओके रिपोर्टर*
भैरहवा ।




दशैंको समयमा आयोजना हुने विभिन्न सास्कृतिक कार्यक्रममा डिजे (डिस्क जकी)को भूमिकामा रहने डिजे तामालाई यो पटकको दशैं तिहारको कार्यक्रममा भ्याई नभ्याई छ । भैरहवा बुटवल लगायतका युवाहरु माझ चर्चित नाम हो डिजे तामा । विभिन्न सास्कृतिक कार्यक्रमहरुमा आफ्नो प्रस्तुति दिइसकेका डिजे तामा दशैं अघि नेपालगन्ज, धनगढी, भैरहवा, नवलपरासीको कार्यक्रममा व्यस्त छन् ।

अब त दशैं तिहार भनेको हामीहरुको पनि सिजन जस्तै हुन थाल्यो । पहिला नववर्ष, भ्यालेनटाईन डे लगायतमा हुने डिजे कार्यक्रम अब चाडवाडका सास्कृतिक कार्यक्रमहरुमा पनि नियमित हुन थालेको छ, तामाले भने । नेपालगन्जमा २० गते, धनगढीमा २१ गते, भैरहवामा२२ गते, नवलपरासीका दाउन्ने मन्दिरमा २३ गते हुने सास्कृतिक कार्यक्रममा डिजे गर्न जाँदैछु । धेरै व्यस्त छु यो पटकको दशैंमा तामाले भने ।

डिजे गर्न लागेको १७ वर्ष भएको बताउने तामाले सिंगापुरमा एडभान्स तालिम लिएका थिए । क्राउड (भिड)को साइकोलोजी बुझ्छु र त्यही अनुसारका परफरमेन्स दिन्छु ,उनले भने ।











































पोर्ट मिडिया प्रा.लि.द्वारा प्रकाशित न्यूज ओके राष्ट्रिय साप्ताहिकका लागि अध्यक्षः **बिमल सेञ्चुरी**, प्रबन्ध संचालकः **राजकुमार गुप्ता**, प्रबन्ध निर्देशकः **विक्रम मल्ल**, सम्पादकः **मनोरञ्जन शर्मा**, प्रधान कार्यालयः सिद्धार्थनगर नगरपालिका-१३, देवकोटा चोक, भैरहवा
फोनः ०७१-५२०७२२, ९८५७०६२३५२, इमेलः newsok52@gmail.com, URL: www.newsok.com.np